का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ कात्तिक २०८२
आइतबार
19 October 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक २५३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




चुनावी बहस

# प्रधानमन्त्री नरम ओली अझै गरम

फागुन २१ का लागी तय प्रतिनिधिसभाको निर्वाचका विषयमा प्रधानमन्त्री सुशीला कार्कीले सकारात्मक पहल थालेकी छन् । तर निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली भने चुनाव हुन नसक्ने निष्कर्ष सुनाउँदै चुनावप्रति नकारात्मक रुपमा प्रस्तुत भइराखेका छन् ।





दलीय भागबण्डा र भ्रष्टाचारको चरम असन्तुष्टिबाट उत्पन्न जेनजी आन्दोलनले हिंसात्मक रूप लिएर सत्ता कब्जाको स्थिति बनेको कुरालाई दलहरूले स्वीकार गरी आफूलाई सच्याएर निर्वाचनमा जानुको विकल्प छैन ।

**ध्रुवहरि अधिकारी**
**लेखक तथा विश्लेषक**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ कात्तिक

फागुन २१ का लागि तय गरिएको प्रतिनिधि सभाको निर्वाचनका विषयमा प्रधानमन्त्री सुशीला कार्कीले सकारात्मक पहल थालेकी छन् । समयमै निर्वाचन गर्न सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्दै प्रधानमन्त्री कार्कीले राजनीतिक तवरबाटै चुनावको तयारी गरिरहँदा निवर्तमान प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चुनावप्रति नकारात्मक देखिएका छन् ।

उनले वर्तमान सरकार निर्माण र संसद् विघटन दुवै गैरसंवैधानिक भएको दाबी गर्दै सुशीका कार्की नेतृत्वको सरकारले गराउने निर्वाचनमा भाग नलिने सन्देश दिएका छन्। एमालेले पार्टीको १०औं बैठकबाटै संसद् पुनर्स्थापनाको निर्णय गरिसकेको छ। शनिबार पार्टी अध्यक्ष ओलीले सोही विषयलाई दोहोऱ्याउँदै यस सरकारलाई कसैले स्वीकार नगरेको दाबी गरे। उनले भने, 'यो सरकार पिँधबिनाको असंवैधानिक सरकार हो । यसलाई १ प्रतिशतले पनि समर्थन गरेका छैनन्। १ प्रतिशत भनेको ३ लाख हो । यो आमजनतालाई सहभागी भएर बनाएको होइन । जनताको घरमा आगो लगाएर बनाइएको हो ।'

ओलीको यस अभिव्यक्तिले एमाले चुनावमा नजाने स्पष्ट सन्देश दिएको सरोकारवाला बताउँछन् । जेनजी आन्दोलनबाट सत्ताच्युत हुन पुगेका ओलीको आक्रोशपूर्ण अभिव्यक्तिले आगामी निर्वाचन प्रभावित बनाउने खेल सुरु गरिएको राजनीतिक विश्लेषक बताउँछन् ।

लेखक तथा विश्लेषक ध्रुवहरि अधिकारीले पुराना राजनीतिक दलको भ्रष्ट नीतिप्रति नागरिकको वितृष्णा बढेका कारण पछिल्लो परिस्थिति निर्माण भएको बताए। उनले भने, 'राजनीतिक दलको भ्रष्ट नीतिप्रति नागरिकको वितृष्णा पोखिएको हो। दलीय भागबन्डा र भ्रष्टाचारको सिकार बनेपछिको चरम असन्तुष्टिबाट उत्पन्न जेनजी आन्दोलनले हिंसात्मक रूप लिएर सत्ता »» पृष्ठ २ मा

# झुलाघाटमा मोटरेबल पुल निर्माण डिपिआरमै अलमल

■ झोलुंगे पुलसमेत जीर्ण

हरेक चुनावमा बैतडी मात्र होइन, सुदूरपश्चिमको चुनावी एजेन्डा बन्छ झुलाघाट पुल । तर कहिले निर्माण हुने कुनै टुंगो छैन ।





नागरिक अगुवाहरूले पुल निर्माणको माग गर्दै आएका छौं, तर हुँदैन । ३६ दिन अनसन बस्दासमेत सुनुवाइ भएन ।

**नरेन्द्र थापा**
**पूर्वमेयर**
**दशरथचन्द नगरपालिका**

**ललित बोहरा/मध्यान्ह**
बैतडी, १ कात्तिक

नेपाल-भारत सीमामा करिब ६० वर्ष भारी बोक्ने काम गरेका बैतडी पुर्चौडीका प्रमल बोहराको एउटा सपना छ, गाडी चढेर महाकाली तर्ने । उनी वर्षौंदेखि जीर्ण झोलुङे पुलमा भारी बोकिरहेका छन् । 'पुल बनेपछि भारी बोक्न छोड्छुँला भन्ने छ । तर त्यो दिन कहिले आउँछ टुंगो छैन,' उनले मध्यान्हसँग भने ।

हरेक चुनावमा बैतडी मात्र होइन, सुदूरपश्चिमको चुनावी एजेन्डा बन्छ झुलाघाट पुल । तर कहिले निर्माण हुने कुनै टुंगो छैन ।

भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाकामा मोटरेवल पुल निर्माण डिपिआरमै अल्झिएको छ । सीमा नाका झुलाघाटमा रहेको करिब डेढ सय वर्ष पुरानो झोलुंगे पुलसमेत जीर्ण भइसकेको छ ।

मोटेरेबल पुल समयमै निर्माण नहुँदा सर्वसाधारण जीर्ण पुलमा भारी बोकेर यात्रा गर्न बाध्य छन् । सदमुकामबाट गढीबाट झुलाघाटसम्म करिब ३ सय मिटर मात्र कालोपत्रे गर्न बाँकी छ । पुलदेखि माथि करिब ४ सय मिटरको दूरीमा रहेको सडक पहुँचमा छैन । यो क्षेत्रमा अहिले पनि भारी बोक्नुपर्ने बाध्यता छ । पुल निर्माण भए झुलाघाट व्यापारिक नाका बन्ने भन्दै पुल निर्माणका लागि स्थानीयले दबाब दिइरहेका छन् । महिनौंसम्म अनसन बस्नेदेखि भारतमा माइतीघर हुनेहरू पुल नबनेसम्म नजाने घोषणासमेत गरिसकेका छन् ।

समयमै पुल निर्माण गर्न स्थानीयले माग गरिरहे पनि अलमल भइरहेको दशरथचन्द नगरपालिका बैतडीका पूर्वमेयर नरेन्द्र थापाले बताए । उनले भने, ' नागरिक अगुवाहरूले पुल निर्माणको माग गर्दै आएका छौं तर हुँदैन । ३६ दिन अनसन बस्दासमेत सुनुवाइ भएन ।'

महाकाली नदीमा डेढ सय वर्षअघि इस्ट इन्डिया कम्पनीले निर्माण गरेको झोलुंगे पुल यतिबेला जीर्ण अवस्थामा पुगेको छ । सुदूरपहाडका »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# राजदूत रेग्मीका कारण क्रोएसियाका करिब चार सय नेपालीको रोजगारी संकटमा


अष्ट्रियाका लागि नेपाली राजदूत भरतकुमार रेग्मी



नवीकरण भएको राहदानी समयमा पाउन नसकेपछि रोजगारी छोडेर फर्किएका साउद

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ कात्तिक

कैलालीका २५ वर्षीय इन्द्र साउद नवीकरण भएको राहदानी समयमा पाउन नसकेपछि क्रोएसियामा पाइरहेको आकर्षक तलब माया मारेर बिहीबार नेपाल फर्किए ।

गत डिसेम्बर १७ तारिकमा राहदानीको म्याद सकिएपछि उनले क्रोएसियामा आएको नेपाली दूतावास भियनाको टोलीलाई तोकिएको सरकारी दस्तुर तिरेर राहदानी नवीकरणका लागि बायोमेट्रिक गरे। तर एक वर्ष पुग्न लाग्दा पनि राहदानी नपुगेपछि उनी आकर्षक तलब भएपनि माया मारेर स्वदेश फर्किए।

साउद मात्रै होइन गत भदौमा राहदानी नवीकरणका लागि दस्तुर तिरेर बायोमेट्रिक दिएका क्रोएसियामा रहेका करिब चार सय नेपाली नवीकरण भएको राहदानी नपाउँदा आकर्षक तलबको रोजगारी माया मारेर घर फर्किनुपर्ने बाध्यतामा रहेका छन्। नेपालबाट वैदेशिक रोजगारीका लागि गएका भिम राउत, जीवन घलान, हरिदत्त भट्टराई, अरुण लामा, शान्ति थिङलगायत चार सयभन्दा बढी नेपाली रोजगारी गुमाउने बाध्यतामा रहेका छन् ।

क्रोएसियाको दक्षिणी सहर स्पिल्टमा सामान डेलिभरी गर्ने काम गरिरहेका राउतले नेपालबाट नवीकरण भएर अष्ट्रियाको राजधानी भियानामा धेरै अगाडि पुगेका राहदानी क्रोएसिया नपठाउँदा आफूहरूले नवीकरण भएको राहदानी नपाएको बताए ।

भियनास्थित नेपाली दूतावासमा नवीकरण भएर आएका राहदानी यसअघि क्रोएसियाको गैरआवासीय नेपाली संघ (एनआरएनए)मार्फत वितरण हुने गरेको थियो । एनआरएनए क्रोएसियाका अध्यक्ष साइमन लामाले नवीकरण भएका राहदानी कामदारको पहुँचमा पुऱ्याउने गरेका थिए। त्यसबाट कामदारको समय »» पृष्ठ २ मा

# जनजातिले खोजे राज्यका सबै निकायमा प्रतिनिधित्व

बदलिएको परिस्थितिमा पनि राज्यका सबै निकायमा जनजातिको प्रतिनिधित्वको सुनिश्चितता खोजिएको छ ।



आदिवासी जनजाति समुदायले हाल प्राप्त गरेको पहुँच र प्रतिनिधित्वको अधिकार त्यसै आएको होइन यसमा हाम्रा पूर्वज र अग्रजको ठुलो बलिदानी र सघर्ष रहेको छ ।

■ **रामबहादुर थापामगर**
**अध्यक्ष, आदिवासी जनजाति आयोग**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ कात्तिक

जनजाति आयोगले राज्यका सबै निकायमा प्रतिनिधित्व खोजेको छ। बदलिएको परिस्थितिमा पनि संवैधानिक रूपमा प्राप्त प्रतिनिधित्वको अधिकारको उपभोग सुनिश्चित हुनुपर्ने आयोगको आग्रह छ । आदिवासी जनजाति आयोगले विज्ञप्ति नै निकालेर राज्यका सबै निकायमा जनजातिको प्रतिनिधित्वको सुनिश्चितता खोजिएको जनाएको छ।

आयोगका अध्यक्ष रामबहादुर थापामगरले निकालेको विज्ञप्तिमा गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन शान्तिपूर्ण आन्दोलन अचानक हिंसात्मक रूपमा परिणत हुँदा अकल्पनीय घटना घट्न पुगेको उल्लेख छ। देशले अपूरणीय मानवीय तथा भौतिक क्षति बेहोर्नुपरेको उल्लेख गर्दै मृत्यु हुने सबैप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ।

आयोगका अनुसार देश अहिले सक्रमणकालीन अवस्थाबाट गुजिरहेको छ । सक्रमणकालीन समय व्यवस्थापनका लागि राष्ट्रपतिबाट अन्तरिम सरकारको गठन र आगामी फाल्गुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मितिसमेत घोषणा भइसकेको छ।

यस अवस्थामा आदिवासी जनजातिले आफ्नो हकअधिकार र राज्य व्यवस्थामा पहुँच र प्रतिनिधित्व हुनुपर्ने माग आयोगको छ। आदिवासी जनजाति समुदायको हकअधिकारलाई विशेष ध्यानमा राखी उनीहरूको पहुँच र प्रतिनिधित्वको अधिकार »» पृष्ठ २ मा

### प्रधानमन्त्री...

कब्जाको स्थिति बनेको कुरालाई दलहरूले स्वीकार गरी आफूलाई सच्याएर निर्वाचनमा जानुको विकल्पै छैन ।' जेनजी आन्दोलनको एजेन्डालाई अरू दलहरूले स्वीकार गर्न खोजेको देखिए पनि एमालेले फरक मत विचार प्रस्तुत गरेको छ। नेपाली कांग्रेसले जेनजी आन्दोलनको एजेन्डालाई संस्थागत गर्दै पार्टीलाई सुधार गरेर निर्वाचनमा जनतामाझ जाने वातावरण बनाउने तयारी गरेको छ।

सोहीअनुसार पार्टी सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर आफू सक्रिय राजनतिबाट बाहिरिएका छन् । त्यस्तै, नेकपा माओवादीले मंसिरमा महाधिवेशन गर्न केन्द्रीय कमिटी नै भंग गरेर पुष्पकमल दाहाल 'प्रचण्ड'को संयोजकत्वमा महाधिवेशन आयोजक कमिटी बनाएर अघि बढेको छ । यता एमालेले भने अध्यक्ष ओलीकै नेतृत्वलाई निरन्तरता दिँदै प्रधानमन्त्री नियुक्ति र संसद् विघटन दुवै असंवैधानिक भएकाले खारेजीको पक्षमा उभिएको छ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले मध्यान्हसँग भने, 'वर्तमान प्रधानमन्त्रीको नियुक्ति नै गैरसंवैधानिक छ । उनै प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले गरेको संसद् विघटनको निर्णण पनि संवैधानिक नभएकाले संसद् पुनर्स्थापना नै उत्तम विकल्प भएको एमालेको निश्कर्ष छ ।' २१ फागुनमा चुनाव हुन नसक्ने उनले दाबी गरे ।

प्रधानमन्त्री कार्कीको निर्देशनअनुसार निर्वाचन आयोगले राजनीतिक दलहरूसँग छलफल गरिसकेको छ भने राष्ट्रपति रामचन्द्र पौडेलले समेत पटकपटक दल, सरकार र सरोकारवालालाई चुनावी वातावरण निर्माणमा लाग्न भनिसकेका छन् । चुनावको प्रमुख सरोकारवाला राजनीतिक दलहरूसँग सरकारको समन्वय अभाव भएको टिप्पणी भइरहेका बेला शनिबार राष्ट्रपति पौडेलले तेस्रोपटक प्रधानमन्त्रीसहित सरोकारवालासँग संवाद गरेका छन् । पौडेलले सम्बन्धित सरोकारवालासँगको छलफलमा चुनावको वातावरण बनाउन जोड दिएका छन् । प्रधानमन्त्री कार्कीले समेत चुनावी कार्यक्रमको वातावरण बनाउन सबै सुरक्षा अंगका प्रमुख, राजनीतिक दल र सरोकारवाला पक्षसँगको छलफललाई तीव्रता दिएको जिकिर गरेकी छन् । सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकारको मुख्य दायित्व चुनाव गराउने नै भएकाले वातावरण निर्माण गर्न सबै पक्षसँग आवश्यक संवाद भइरहेको बताए । उनले भने, 'जेनजी आन्दोलनबाट निर्माण भएको वर्तमान सरकारको मुख्य कार्यादेश भनेको सबै राजनीतिक दल र जनताको सहभागितामा तोकिएको समयावधिमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउनु हो । सरकार जेनजी आन्दोलनको मागअनुसार, सबै राजनीतिक दल र जनताको चाहनामा बनेको हो । निर्वाचन आयोगले कार्यतालिका समेत प्रकाशन गरिसकेको छ ।'

शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलसहित चारवटै सुरक्षा निकायका प्रमुखसँगको छलफल भएको छ। छलफलमा गृहमन्त्रीसहित अन्य मन्त्रीसमेत उपस्थित छन् । चारवटै सुरक्षा निकायका प्रमुखसँग निर्वाचनको तयारी र सुरक्षा अवस्थाका विषयमा शीतल निवासमा छलफल भएको राष्ट्रपति कार्यालयको सचिवालयले जनाएको छ । शनिबारको छलफलपछि प्रधानमन्त्री कार्कीले सबै सुरक्षा प्रमुखहरूले उच्च मनोबलका साथ सुरक्षा व्यवस्था मिलाउने काम भइरहेको बताइन्। उनले भनिन्, 'चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ। राजनीतिक दलहरूसँग संवादको सुरुवात भएको छ। फागुन २१ मा निर्धारित प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको छ। तयारी अझै द्रुत गतिमा अघि बढाइँदै छ ।'

सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहन उनले अपिल गरेकी छन् । यद्यपि ओलीले उनको अपिल अस्वीकार गर्दै आएका छन्। अहिले सिंगो मुलुक त्रसित मनस्थितिमा रहेको जिकिर गर्दै सुशीला कार्की नेतृत्वको सरकार कुन संविधानअनुसार बनेको छ ? भनेर प्रश्न गरे । जनप्रतिनिधिहरूको सर्वोच्च संस्था विघटन गर्ने अधिकार कसले दियो ? क्रान्ति रे, कहाँ भयो क्रान्ति ? यो त प्रतिक्रान्ति हो, हिंसा र अराजकतामा हो,' ओलीले आक्रोश व्यक्त गरेका छन् ।

### झुलाघाटमा...

लागि भारत जोड्ने यो मुख्य नाका भएकाले यहाँ मोटरेबल पुल नहुँदा व्यापार व्यवसायमा प्रभावित छ। झुलाघाटमा पक्की पुल निर्माणका लागि बैतडी उद्योग वाणिज्य संघले १० हजार नागरिकको हस्ताक्षर संकलन गरी नेपाल सरकार र भारतीय दूतावासलाई बुझाएको थियो । तर सीमापारी उत्तराखण्ड प्रदेशका व्यापारीलाई घर भत्किने र व्यापार घट्नेभन्दै पुल निर्माणमा अवरुद्ध गरेको आरोप लगाइएको छ। उत्तराखण्ड प्रदेश पिथडागढ झुलाघाट भारतका व्यापारी प्रेमप्रकाश भट्ट भने सो आरोप खण्डन गर्छन्। उनले व्यापारीले उल्टै पुल निर्माणका लागि भारत सरकारसँग माग गरिरहेको बताए । पुल निर्माणको डिपिआर बनाउँदै लामो समय लागेको छ । डिपिआर ठेक्का विवादले काम रोकिएको भट्ट बताउँछन् । 'हामी पनि चाहन्छौं पुल छिटो बन्नुपर्छ । डिपिआरको ठेक्का विवादले रोकिएको हो,' उनले भने ।

स्थानीयको मागअनुसार सबै राजनीतिक दलहरूले मोटरेबल पुल निर्माण गर्ने भन्दै प्रतिबद्धता भने जनाइसकेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले गत चुनावमा मात्र होइन, झुलाघाटमै पुगेर मध्यपहाडी संकल्प उद्घाटन गर्दासमेत पुल निर्माण गर्ने वचन दिए । तर लगत्तै प्रधानमन्त्री भए पनि काम अघि बढेन । बैतडीको पाटनमा चुनावी सभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवाले पनि पुल निर्माणको वाचा गरेका थिए।

सुदूरपश्चिमकै पुरानो नाका झुलाघाटमा कर्णालीका नागरिकसमेत आवतजावत गर्दै आएका छन् । भरियाले बोकेरै पुल तार्नुपर्ने भएपछि सामान आयातनिर्यात पनि महँगो गरेको छ । सीमानाका झुलाघाटमा पक्की पुल निर्माण भए बैतडीको स्थानीय उत्पादनको बजार विस्तार र धार्मिक पर्यटनको विकासका लागि महत्वपूर्ण नाका बन्ने पाटन बैतडीबाट व्यापारी शंकरदत्त भट्टले बताए।

### राजदूत...

र खर्च दुवै बचत हुने गरेको, तर परराष्ट्र मन्त्रालयले भियनास्थित नेपाली दूतावासमा भरतकुमार रेग्मीलाई राजदूत नियुक्त गरेर पठाएपछि उनले राहदानीवाहक व्यक्ति सशरीर दूतावासमा उपस्थित भएर भरपाई गरेर राहदानी लैजानुपर्ने भनेपछि नवीकरण भएर भियना पुगेको राहदानी क्रोएसिया नपठाइदिएकोले रोजगारी गुमाउने अवस्थामा पुगेका राउतले बताए ।

उनले मध्यान्हसँग भने, 'राहदानी नवीकरण नभएपछि बैंक खातामा तलब नगएर हातमा नै बुझेका छौं। कम्पनीले सोमबारसम्मको अल्टिमेटम दिएको छ । सो समयसम्म नवीकरण भएको राहदानी पाएनौं भने कम्तीमा चार सय नेपालीले आकर्षक तलबको रोजगारी गुमाएर नेपाल फर्किनुपर्ने हुन्छ ।'

उनी कार्यरत दक्षिणी सहर स्प्लिट वरिपरिका मात्रै चार सय समस्यामा रहेको भन्दै उनले क्रोएसियामा कार्यरत धेरै नेपाली प्रभावित भएको हुनसक्ने बताए । साथमा म्याद भएको राहदानी नहुँदा कतिपयलाई भियना जान पनि समस्या रहेको उनले बताए । अष्ट्रिया र क्रोएसियाका बीचमा सोल्भेनिया र हंगेरी दुई मुलुक रहेका कारण साथमा राहदानी नभएकाहरूलाई यात्रा गर्न कठिन रहेको राउतले बताए ।

राहदानीसम्बन्धी समस्यामा परेका नेपालीलाई सेवा दिन राहदानी विभाग काठमाडौं र सम्बन्धित मुलुक हेर्ने नेपाली दूतावासको संयुक्त टोलीले धेरै मुलुकमा घुम्ती शिविर सञ्चालन गर्ने गरेको छ। केही समयअघि फ्रान्सस्थित नेपाली दूतावासले पोर्चुगलको राजधानी लिस्बनमा घुम्ती सेवा शिविर सञ्चालन गरेर विद्युतीय राहदानी (ई-पासपोर्ट) का लागि दरखास्त संकलन र नवीकरण भएका राहदानी वितरण गरेको थियो ।

टोलीले राहदानीको म्याद सकिसकेको, राहदानीको म्याद एक वर्षभन्दा कम भएको, क्षति भएको, हराएका र सम्बन्धित देशमा जन्मेका बालबालिकाको नयाँ राहदानीका लागि दरखास्त संकलनको सेवा दिने गरेको छ। त्यसबाट राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन नपाएर समस्यामा परेका नेपालीलाई ठुलो राहत भएको छ । तर भियनास्थित नेपाली दूतावासले ठुलो संख्यामा नेपाली घर फर्किने अवस्थामा पुग्दा समेत सेवाग्राहीबाट दस्तुर लिएर नवीकरण गरेका राहदानी वितरणमा किन समस्या सिर्जना गरेको हो ? भनेर धेरैले आक्रोश व्यक्त गरेका छन् ।

मध्यान्ह दैनिकको सम्पर्कमा आएका अर्का एक कामदारले भने, 'सुशासनका लागि नेपालमा नयाँ पुस्ताले अभूतपूर्व विद्रोह गरेको एक महिना पूरा भएको छ । तर भियनास्थित नेपाली दूतावासमा त्यसको सन्देश नपुगेको जस्तो देखिएको छ । अष्ट्रियाका लागि नेपाली राजदूत भरतकुमार रेग्मीले दूतावासका अन्य कर्मचारीलाई समेत क्रोएसियाका नेपालीको पासपोर्ट अरुलाई नदिन ठाडो आदेश दिएका छन्। नेपालको परराष्ट्र मन्त्रालयबाट दसैं अगाडि नै भियना पुगेको पासपोर्ट अहिलेसम्म राजदूत रेग्मीकै कारण वितरण नभएको पीडित कामदारहरूले बताएका छन् । राजदूत रेग्मीको गैरजिम्मेवार कार्यले सैयौं नेपाली कामदारको क्रोयसियाको रोजगारी गुम्ने अवस्था आएकोले उनलाई तत्काल फिर्ता बोलाइ कारबाही गर्नुपर्ने पीडित कामदारहरुको माग छ। यस विषयमा राजदूत रेग्मीसँग प्रतिक्रिया लिने मध्यान्ह दैनिकको पटक-पटकको प्रयास भने सफल हुन सकेन ।

### जनजातिले...

हनन् नहुने गरी राज्यका सबै निकायमा आदिवासी जनजातिको समानुपातिक सहभागिताको अधिकार सुनिश्चित गर्न माग गरिएको छ ।

भौतिक विज्ञानको नियमअनुसार हरेक द्वन्द्व र संघर्षले नयाँ परिणाम ल्याउने उल्लेख गर्दै अगाडि भनिएको छ, 'तर परिवर्तनको परिणाम राजनीति र समाज विज्ञानमा सबै र सबैतिर सुखद् नहुन सक्छ ।' आयोगका अनुसार मानव समुदायले सकारात्मक परिणामका लागि हरदम परिवर्तनको राम्री व्यवस्थापन गर्न आवश्यक पर्ने पाठ विश्व इतिहासले सिकाएको छ ।

'संक्रमणकालको राम्रो व्यवस्थापनमा हरदम प्रयासरत रहनुपर्छ' आयोगका अध्यक्ष थापामगरले निकालेको विज्ञप्तिमा भनिएको छ, 'यो समयमा आदिवासी जनजाति एक अधिकार संरक्षण, संवर्धन र प्रवर्धनका लागि सरकार क्रियाशील होस् भन्ने आयोगले चाहेको छ ।'

अध्यक्ष थापामगरले अगााडि भनेका छन्, 'आदिवासी जनजाति समुदायले हाल प्राप्त गरेको पहुँच र प्रतिनिधित्वको अधिकार त्यसै आएको होइन यसमा हाम्रा पूर्वज र अग्रजको ठुलो बलिदानी र सघर्ष रहेको छ ।'

अहिलेको संक्रमणकाललाई कुशलतापूर्वक व्यवस्थापन गर्ने अभिन्न अंग बन्दै आफ्नो समुदायको आदिवासी जनजाति मानवअधिकार संरक्षण र बाँकी थप उपलब्धि हासिल गर्न सरकार र सम्बन्धित निकायसँग समन्वय गरी निरन्तर अगाडि बढ्न आग्रह गरिएको छ । यसका लागि स्वदेश र विदेशमा रहेका भएका आदिवासी जनजाति समुदाय र ती समुदायसँग सम्बन्धित सय संगठनका प्रतिनिधिलाई अहिलेको समयमा क्रियाशील रहन आयोगको अपिल छ ।


## मोटरसाईकल हराएको सूचना

यही मिति २०८२/०६/१४ गते बिहान करिब ९:३० बजे, समयमा का.म.न.पा.-३२ प्लानिङ क्षेत्रबाट, पार्किङ गरेर राखेको अवस्थामा मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना अथवा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनी: सूर्य श्रेष्ठ.
सवारी दर्ता न.: प्र १-०२-०५८ प ६८६२
मोडेल न.: कालो/रातो बजाज पल्सर
इन्जिन नं.: DKXCSC28503
च्यासिस नं.:: D2A13EX1SCC84469
ठेगाना: काठमाडौं-३२, प्लानिङ
सम्पर्क नं.: ९८५१०९४३९७

## Qatar मा रोजगार — Company : Vera Cleaning And Maintenance

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/२/१९ — चलानी नं.: ६०२३८९७२ — LT No. 325005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 0 | 2 | काममा दक्ष | 1000 | ३८,६४०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Service Agents | 57 | 6 | | 1500 | ५७,९६०।- | [illegible] | [illegible] | [illegible] | [illegible] | | | [illegible] |

अन्तरवार्ता २०८२ कार्तिक ९ गते (26 Oct., 2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

GOLDEN CROWN OVERSEAS PVT. LTD.
Lic NO.: 1706/081/82
Binayak Marg, Sinamangal, Kathmandu, Tel 01-5922362
Email : goldencrown514@gmail.com, Web : gcopl.com

## युएईमा रोजगार

कम्पनी : Integrated Parking Services LLC — शहर : AL Rigga
पूर्व स्वीकृत मिति: २०८२/०६/३१ — चलानी नं.: ६०२४६३१९ — LT. No.: 332679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ticketing Staff | 100 | 0 | स. काममा दक्ष | 1500 | ५७,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ कात्तिक ९ गते (26 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बसुन्धरा, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
मोबाईल नं.: ९८०१२८०८०४/ ९८०१२८०८२३ / ९८०१२८०८२५
श्रम इजाजत नं. ६८८/०६३/०६४


## Invitation For Quotations

## Putha Uttarganga Rural Municipality
## Office of the Rural Municipal Executive

**Takasera, Rukum (East),**
**Lumbini Province, Nepal**

***Invitation for Bids for the construction work under the below mentioned contract:***

**First Date of Publication: 2081/07/02 B.S (2024/10/19 A.D)**

1. **Putha Uttarganga Rural Municipality** (PURMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***PURMO Takasera, Rukum (East)*** on or before **12:00 Noon** on ***2082/08/03 B.S (2025/11/19A.D).*** Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 2082/08/03 B.S (2025/11/19A.D). at** the office of PURMO ***Takasera, Rukum (East)***. Bids must be **valid** for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. **Putha Uttarganga** ***Rural Municipality Office (PURMO) ,Takasera, Rukum (East )*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank : **Siddartha Bank Ltd., Putha Uttarganga Branch**
Name of Office : **Putha Uttarganga Rural Municipality, Takasera,Rukum(East)**

| | **For Bid Document** | **For Bid Security** |
|---|---|---|
| A/c name | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | Putha Uttarganga (GA 03) Dharauti Khata |
| A/c No. | 01415359946 | 01415220470 |

The Name and identification no of the contracts are as follows.

| S. N. | Description of Works | Contract ID | Average Annual Turnover (NRs) | Specific Nature of Similar Work Experience (NRs) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|---|
| *1.* | Construction of Bridge (30m Span, 4.2m Width) over Sanobheri Khola connecting Hukam and Maikot, Construction and (30m Span, 4.2m Width) over Uttargnaga Khola connecting Shera and Taka, Construction of Bridge (30m Span, 4.2m Width) over Sanobheri Khola connecting Dimuragiarah and Halbang (Steel and Galvanized Iron) | EGP/PURMO/ NCB/WORKS/ BRID/ 2082/83-08 | 5,40,00,000\|- (Five Crore Fourty lakh Only) | 1,44,00,000\|- (One Crore Fourty Four Lakh Only) | 5000\|- (Five thousand only) | 1042000/- (Ten Lakh Fourty two Thousand) |
| *2* | Excavation for Roadway Construction of Hukam–Kajarjung–Pelma Road -05,02 | EGP/PURMO/ NCB/HKP/WORKS/ ROADS/ 2082/83-09 | 3,20,00,000/- (Three Crore Twenty Lakh Only) | 86,00,000/- (Eighty Six Lakh Only) | 5000\|- (Five thousand only) | 6,16,000/- (Six lakh Sixteen Thousand only) |

**Chief Administrative Officer**

## Gandaki Rural Municipality
## Office of Rural Municipal Executive

**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

## Notice for Opening of Price Bids

**Date of publication: 2082/07/02**

Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contract invited through IFB no: **GRM/WORKS/NCB/02/2082/83** published on Madhyanha Patrika National Daily dated **2082/05/10 (26th August, 2025).** The technical bids of following listed bidders for contracts are qualified. All the qualified bidders are notified to participate in opening of price bids scheduled on **2082/07/11 (28th October, 2025) 13:00 hours** at the **Gandaki Rural Municipality Office, Gorkha.**

| S. N. | Contract ID/Project Name | Name and Address of Qualified Bidders |
|---|---|---|
| 1 | GRM/WORKS/NCB/02/2082/83 Upgrading of Aamdada Odalkhark Gairichautara Road | Siraichuli Nirman Sewa, Chitwan |
| | | Persiha Construction and Supplier Pvt.Ltd., Chitwan |

**Chief Administrative Officer**

## Suryodaya Municipality
## Office of the Municipal Executive

**Fikkal, Ilam**

## Re-Invitation for Bid

**Second date of publication: 19th of October 2025 (2nd of Kartik 2082)**

The Suryodaya Municipality, Office of the Municipal Executive, invites electronic bids from Nepalese eligible bidders for the following listed Project under Sealed Quotation procedures. The details of the supply are listed below:

| S. No. | Contract Identification No.: | Name of Supply: | Bid Security Amount NRs.: | Bid Document Fee NRs.: | Procurement Method: |
|---|---|---|---|---|---|
| 1. | SUMO/ILAM/SQ/ SUPPLY12-082/083 | Supply and Delivery of Office Supplies and Stationary Items Phase I | 43,000.00 | 1,000.00 | SQ |

Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# जेनजी पुस्ता क्रान्तिकारी आन्दोलनका उत्तराधिकारी हुन्: प्रचण्ड



**काठमाडौं / मस**–नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी फागुन २१ गतेको निर्वाचन सफल पार्न सबै पक्षको ऐक्यबद्धता आवश्यक रहेको बताएका छन् ।

दीपावली, नेपाल संवत् र छठ पर्वका अवसरमा अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुफ)ले शनिबार पार्टी मुख्यालय पेरिसडाँडामा आयोजना गरेको चियापान तथा शुभकामना आदाप्रदान कार्यक्रममा उनले अहिलेको राजनीतिक समस्या समाधान गर्न सबै राष्ट्रवादी, लोकतान्त्रिक र क्रान्तिकारी शक्ति एकजुट हुनुपर्ने बताए ।

संयोजक दाहालले भने, 'हामी यतिबेला अत्यन्त जटिल परिस्थितिबाट गुज्रिरहेका छौं । संविधान र लोकतन्त्र जोगाउने अहिलेको सबैभन्दा सहज, समावेशी र राष्ट्रहितको विकल्प भनेकै आगामी फागुन २१ गते तोकिएको निर्वाचन हो । यसलाई सफल पार्न सबै दल, नागरिक समाज, बुद्धिजीवी, पत्रकारलगायत सबै पक्षको ऐक्यबद्धता आवश्यक छ ।'

अन्तरिम सरकार तोकिएको मितिमा नै निर्वाचन गर्न गम्भीर रहेको आफूले पाएको जनाउँदै पूर्वप्रधानमन्त्री दाहालले अन्तरराष्ट्रिय समुदायले पनि निर्वाचन सफल बनाउन सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

जेनजी आन्दोलनको भावना सम्बोधन गर्नेगरी संविधान संशोधन गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'निर्वाचनबाट आउने नयाँ संसद्ले संविधान परिमार्जन गर्ने प्रक्रियामा प्रवेश गर्नुपर्छ । जनताको अपेक्षा पूरा गर्न हामी तयार छौं ।'

आसन्न निर्वाचन संविधानसम्मत र लोकतान्त्रिक प्रक्रियाको हिस्सा भएको उल्लेख गर्दै संयोजक दाहालले मुलुकमा थप अराजकता सिर्जना हुन नदिन राष्ट्रिय सहमतिका साथ चुनाव सम्पन्न गराउनु अपरिहार्य रहेको बताए ।

समाजवादी मोर्चामा आबद्ध वामशक्तिबीच चाँडै औपचारिक एकता घोषणा हुने जानकारी दिँदै संयोजक दाहालले लोकतन्त्रवादी र राष्ट्रवादी शक्ति पनि एक हुनुपर्ने आवश्यकता औंल्याए ।

जेनजी पुस्ता क्रान्तिकारी आन्दोलनको उत्तराधिकारी हो भन्दै उनले भने, 'भदौ २३ गते भएको आन्दोलनमार्फत युवा पुस्ताले आफ्नो राजनीतिक उपस्थिति प्रमाणित गरिसकेको छ । उनीहरू अरूका होइनन्, क्रान्तिकारीका उत्तराधिकारी हुन् ।'

# अपहरण तथा शरीर बन्धक अपराधमा संलग्न दुई भारतीय नागरिक पक्राउ



**काठमाडौं / मस**–नेपाल प्रहरीले अपहरण तथा शरीर बन्धक अपराधमा संलग्न दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसरको टोलीले अपहरण तथा शरीर बन्धक राख्ने अपराधमा संलग्न भारत पञ्जाबका २४ वर्षीय परमप्रितसिंह र २८ वर्षीय लवप्रित सिंहलाई पक्राउ गरेको हो । परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले उनीहरुले भारत हरियाणाका २६ वर्षीय अंकित कुमारलाई झुक्यानमा पारेर नेपाल हुँदै अष्ट्रेलिया पठाइदिने भनी काठमाडौं ल्याएर बन्धक बनाएको सूचनाका आधारमा पक्राउ गरिएको जानकारी दिए ।

दुवै जनालाई सुन्धाराको होटल न्यू जोमसोमको कोठा नं ६ मा बन्धक बनाएर पीडितसँग २० लाख रुपैयाँ फिरौती मागेको सूचनाका आधार शुक्रबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला अदालत काठमाडौंबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए । उनीहरूका साथबाट विभिन्न कम्पनीका चार थान मोबाइलसमेत बरामद गरिएको छ ।

# प्रत्यक्ष कार्यकारीको 'बटमलाइन' पूरा नभएसम्म ढुंगाना समूह चुनावमा सहभागी नहुने



**काठमाडौं / मस**–'जेनजी' आन्दोलनका अगुवा मिराज ढुंगाना समूहले प्रत्यक्ष कार्यकारीको 'बटमलाइन' पूरा नभएसम्म निर्वाचनमा भाग नलिने जनाएको छ ।

नयाँ बानेश्वरमा शनिबार पत्रकार सम्मेलनमार्फत आफ्ना 'एजेण्डा' सार्वजनिक गर्दै 'जेनजी' पुस्तालाई गोलबन्द गर्न राजनीतिक दल गठन गरे पनि प्रत्यक्ष कार्यकारी शासकीय स्वरुप र विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको व्यवस्था हुने पर्ने आफ्नो 'बटमलाइन' पूरा नभएसम्म चुनावमा सहभागी नहुने बताए । उनले भ्रष्टाचार नियन्त्रणका लागि नागरिकस्तरीय छानबिन समिति गठन र आर्थिक रुपान्तरणको स्पष्ट नीति अख्तियार गरिनुपर्नेमा जोड दिए ।

जेनजी' प्रदर्शनलाई दिशाहीन हुन नदिन राजनीतिक दल गठन गर्ने निष्कर्षमा पुगिएको जनाउँदै ढुंगानाले पार्टीको नामबारे सुझाव लिने काम भइरहेको बताए ।

'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनलगायत मुद्दाका लागि निरन्तर लड्छौं, जेनजीको बलिदानलाई खेर जान दिँदैनौं', उनले भने, 'देश विकासमा सामूहिक प्रतिबद्धता र सहकार्यको आवश्यकता छ । आर्थिक समृद्धिलाई साझा संकल्प बनाउन सबैलाई हाम्रो आग्रह छ ।'

स्वदेशमा रोजगारीका अवसर नहुँदा लाखौं युवा विदेशिनुपरेको र देश विकासमा लाग्नुपर्ने ऊर्जावान् शक्ति विदेश पलायन हुँदा मुलुक आर्थिक रूपले कमजोर बनेकाले यस्ता विषयमा सरकार जिम्मेवार हुनुपर्ने ढुंगानाको भनाइ छ ।

'बन्द कलकारखाना तुरुन्त सञ्चालनको प्रक्रिया अघि बढाउनुपर्छ, रोजगारीको सिर्जना गर्नुपर्छ । पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्नुपर्छ', आफ्नो समूहको अवधारणाबारे स्पष्ट पार्दै उनले भने, 'छिमेकमा दुई ठूला जनसंख्या भएका मुलुक छन्, त्यसलाई लक्षित गरेर उत्पादन वृद्धि गर्नुपर्छ ।'

# मुसिकोटमा धार्मिक महायज्ञ



**प्रचण्ड खत्री / मध्यान्ह**
रुकुम पश्चिम, १ कात्तिक

रुकुम पश्चिमको मुसिकोट १ खलंगामा सञ्चालित धार्मिक महायज्ञ सम्पन्न भएको छ । वडा नम्बर १ बराहटाकुरामा आयोजित ऐतिहासिक श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ बिहीबार सकिएको हो । महायज्ञ बुद्ध भूमि मानव सेवा आश्रमको आयोजनामा असोज २२ गतेबाट सुरु भएको थियो ।

अभिभावकविहीन बेवारिसे वृद्धवृद्धा, मनोरोगी, अनाथ, अपाङ्ग, अशक्त असहाय र विपन्न व्यक्तिहरूको पालनपोषणका लागि महायज्ञ आयोजना गरिएको आश्रमका अध्यक्ष खम्बप्रसाद जैसीले जानकारी बताए । मुसिकोट नगरपालिका वडा नम्बर १ सल्लेमा रहेको आश्रमले हाल यस्ता व्यक्तिहरूको पालनपोषण गरिरहेको छ ।

महायज्ञमा विभिन्न व्यक्तिहरूले दान गरेका थिए । आश्रमका लागि रुकुम उद्योग वाणिज्य सङ्घका अध्यक्ष पलबहादुर खड्काले जग्गा दान गरेका छन् । उनीसहित महायज्ञमार्फत आश्रमलाई सहयोग गर्ने सबै दानदाताहरूलाई आश्रमले धन्यवाद दिएको छ ।

महायज्ञको आय व्यय विवरण कात्तिक २ गते मुसिकोट १ खलंगाको कालिकास्थानमा एक कार्यक्रमको आयोजना गरी सार्वजनिक गरिने अध्यक्ष जैसीले बताए । उक्त कार्यक्रममा सहभागिताका लागि उनले सबै राजनीतिक दल, समाजसेवी, व्यापारी, बुद्धिजीवी तथा पत्रकार लगायतलाई उपस्थितिका लागि अनुरोध गरेका छन् ।

महायज्ञमा पितृ मुक्ति, धार्मिक, सांस्कृतिक, तुला दान, भूमि दान गर्न सकिने व्यवस्था गरिएको थियो । त्यस्तै महायज्ञमा सवा करोड दीप प्रज्वलन समेत गरिएको थियो । साथै हरेक दिन बिहान ७ बजेदेखि १० बजेसम्म पूजा पाठ गरिएको थियो । महायज्ञ सप्ताहमा प्रमुख बाचकको रूपमा आचार्य पण्डित नारायण खनाल थिए ।

## गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०७/०२**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/०५/२३ गते विद्युतीय माध्यम (E BIDDING) एवं मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये देहायका बोलपत्र मूल्याँकित सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८२/०६/३० को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सबै बोलपत्रदाताहरुको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मूल्य अभिवृद्धि कर बाहेक) |
|---|---|---|---|---|
| १ | GRM/GOODS/03/2082/83 | नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा (त्रिशुली नदीका (वहाव क्षेत्र) विभिन्न घाटहरु (गोर्दी घाट १, गोर्दी घाट २, घाटबेशी,,ज्यामिरेघाट/तिन भंगाले घाट,अम्बोटे घाट,बर्खे घाट, बादरे घाट, पशुपति खोला १, पशुपति खोला २, जुडीखोला, खानीखोला(ठाडो खोला), लम्बु खोला) | बेनिफिट कन्स्ट्रक्सन प्रा. लि, काठमाडौँ | १,०७,००,०००/- |

**प्रमुख प्रशासकिय अधिकृत**

## Katahari Rural Municipality
## Office of the Rural Municipal Executive

Katahari, Morang

**Invitation for Bids**

**Date of publication: 19th Oct, 2025**

Katahari Rural Municipality, Katahari, Morang invites electronic bids from Nepalese eligible bidders for the followingWorks underNational Competitive Bidding (NCB) Single Stage Envelope System Bidding Procedure.Bidders may obtain further information from the PPMO web portal website:www.bolpatra.gov.np/egp with Public Entity Name: Katahari Rural Municipality,Katahari, Morang .

| Contract Id | Description of Work | Estimated Amount (Rs.) (Without VAT and Contingencies but including PS) | Bid Security Amount (Rs.) | Cost of bidding document (Rs.) | Deadline for Bid Submission | Deadline for Bid Opening |
|---|---|---|---|---|---|---|
| KRM/NCB/W/1/082/083 | River Training Works at LohondraKhola, Katahari-04 and 06 | - | 7,00,000 | 5,000 | 12:00 P.m 18thNov,2025 | 14:00 P.m 18th Nov,2025 |
| KRM/NCB/W/02/082/083 | Mahabir Chowk Dekhi Swargadwari Ghat Samma Sadak Kalopatre, Katahari-01 | 89,27,837.80 | 2,50,000 | 3,000 | 12:00 P.m 18th Nov,2025 | 14:00 P.m 18th Nov,2025 |
| KRM/NCB/W/03/082/083 | Dangtoli Dekhi Star Chowk Sammako Adhuro Sadak Kalopatre, Katahari-07 | 85,90,656.82 | 2,50,000 | 3,000 | 12:00 P.m 18th Nov,2025 | 14:00 P.m 18th Nov,2025 |

**Chief Administrative Officer**

## Kachankawal Rural Municipality
## Office of The Rural Municipal Executive

**Baniyani, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for e-Bids**

**Date of Publication: 2 Kartik 2082 (19 October 2025)**

Kachankawal Rural Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID. | Name of Project | Estimated Amount (Without VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/KKRM/2082-83/04 | Construction of RCC Drain, Baniyani Chowk South-Mechi Highway, Kachankawal RM-06, Jhapa | 76,32,904.86 | 3,000.00 | 1,90,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/08/02 (18 November 2025) 12:00 PM | 2082/08/02 (18 November 2025) 01:00 PM |

1. Information to deposit the cost of bidding document in Bank:
   - Name of Bank : NIC Asia Bank Ltd., Kachankawal Branch
   - Name of Office : Kachankawal Rural Municipality, Baniyani, Jhapa
   - Office Code No. : 80112501300
   - Office Revenue Account No. : 0672050029136002
   - Office Revenue Head No. : 14529
2. Information to deposit the Bid Security in Bank:
   - Name of Bank : NIC Asia Bank Ltd., Kachankawal Branch
   - Name of Office : Kachankawal Rural Municipality, Baniyani, Jhapa
   - Bid Security Account No. : 67CA051019752404

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२ कात्तिक २०८२ आइतबार
19 October 2025 Sunday

## सम्पादकीय

# तिहारमा मन खुसी बनाऔं

तिहार नेपालमा मनाइने दशैंपछिको दोस्रो ठुलो चाड हो । पाँच दिनसम्म मनाइने यो पर्वलाई दीपावली वा यमपञ्चक पनि भनिन्छ । प्रत्येक दिनको आ–आफ्नै महत्व रहन्छ । काग तिहार, कुकुर तिहार, लक्ष्मी पूजादेखि भाइटीकासम्म मनाइने तिहारको मुख्य आकर्षण भनेकै स्वादिला परिकार हुन् । घरघरमा सेल रोटी, लड्डु र मिठाइ बनाइन्छ । दिदीबहिनीले पनि सेल रोटी र मिठाइका परिकार नै कोसेली बनाउँछन् । यी परिकारले पर्वको स्वाद र उमंग त बढाउँछ नै यसमा प्रयोग हुने तेल, घिउ, चिनी र मैदा आदि भने मानव स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ । विशेषगरी सेल रोटीजस्तो परिकारमा अत्यधिक चिल्लो हुन्छ । यसले शरीरमा नकारात्मक असर गर्ने कुरा ख्याल गर्न सकिएन भने तिहार खल्लो पनि हुन सक्छ ।

चिकित्सकहरूका अनुसार धेरै चिल्लो पदार्थ सेवनले मुटु रोग, उच्च रक्तचाप र कोलेस्ट्रोलको समस्या निम्त्याउन सक्छ । अत्यधिक मिठाई सेवनले मधुमेह, दाँत र पाचनसम्बन्धी समस्या ल्याउन सक्छ । स्वास्थ्य जोगाएर तिहार मनाउन कठिन छैन । यसका लागि तेलमा तारेका परिकार कम खान सकिन्छ । बजारका रेडिमेड मिठाईभन्दा घरमै बनाइएका सफा र कम चिनी भएका परिकार सेवन गर्न सकिन्छ । दही, फलफूल, सागसब्जीजस्ता हलुका र पौष्टिक खानेकुरा सेवन गर्न सकिन्छ । अत्यधिक मसलेदार खानाबाट टाढा रहँदा शरीरमा बोझ कम पर्छ । धेरै खानेभन्दा थोरैथोरै गरी समय मिलाएर खाँदा पाचनका लागि राम्रो हुन्छ । यस्तो बेला पर्याप्त पानी पिउनु र आराम लिनु पनि आवश्यक छ ।

तर चाडपर्वमा स्वास्थ्यको ख्याल नगर्ने प्रवृति हुन्छ । चाडपर्वका नाममा अनियन्त्रित खानपान गर्दा समस्या निम्तिने हो । पर्वले शरीरलाई होइन, मनलाई खुसी दिनुपर्छ । यसका लागि जे पायो त्यो खान हुँदैन । जे खाइन्छ त्यसमा सचेत हुन सके तिहार खुसी, रंग र आत्मीयताको पर्व बन्न सक्छ । यस पर्वले केवल घरआँगन र मनमा मात्र उज्यालो फैलाउने होइन, स्वास्थ्यमा पनि उज्यालो ल्याउन सक्नुपर्छ । यसका लागि खानपानको बानी स्वास्थ्य अनुकुल बसाल्न सके तिहार मनसँगै शरीरका लागि समेत अर्थपूर्ण बन्न सक्छ ।

# पुष्प खेती र नेपालको अर्थतन्त्र

*पुष्प खेतीले नेपालको ग्रामीण अर्थतन्त्रमा नयाँ सम्भावना र आयको स्रोत सिर्जना गरेको छ । सहर वरिपरिका कृषकहरू जमिन भाडामा लिएर वा आफ्नै जमिनमा पुष्प खेती गर्न थालेका छन् ।*

**अग्रलेख**



● रामहरि कार्की



दसैंको उल्लास ओर्लिंदै जाँदा हिन्दु धर्मावलम्बीहरूलाई प्रकाश, फूल र आत्मीयताले भरिएको पर्व 'तिहार' ढोका ढकढक्याउँदै घरआगनमा आउँछ । तिहार केवल उज्यालो र मिठाइको पर्व मात्र होइन, यो ' फूलहरूको पर्व' पनि हो । उज्यालो र सुगन्धको मेलबाट सम्बन्ध, आत्मीयता र सहअस्तित्वको सन्देश दिने यो पर्व नेपाली सांस्कृतिक जीवनको सुन्दरतम प्रतीक हो । तिहारमा देउसी-भैलोको गीतले बस्ती गुन्जिन्छ । दियोको प्रकाशले घर-घर उज्यालो हुन्छ । फूलको रङ र सुगन्धले हरेक हृदयमा उल्लास भर्छ । तिहारले आध्यात्मिक अर्थमा मात्र होइन, आर्थिक दृष्टिले पनि नेपालमा पुष्प खेतीको सम्भावनालाई नयाँ उचाइमा पुर्‍याएको छ ।

**तिहार र फूल**

तिहारमा फूल केवल सजावटको साधन मात्रै होइन, यो सौन्दर्य, श्रद्धा र शुद्धताको प्रतीक पनि हो । सयपत्री, मखमली र गोदावरी-यी तीन फूल तिहारका मुख्य आकर्षण हुन् । ती फूलहरूले घर मात्र होइन, भावनात्मक सम्बन्ध पनि सजाउँछन् । वनस्पतिविद्हरूका अनुसार फूल वायुमण्डलको विषाक्तता हटाएर वातावरण शुद्ध गर्छ । यसको रङ, सुगन्ध र कोमलताले मानिसको मनोविज्ञानमा सकारात्मक प्रभाव पार्छ । त्यसैले तिहारका दिन फूलको माग ह्वात्तै बढ्छ । हिन्दु धर्मशास्त्रमा फूललाई देवताप्रति श्रद्धा र समर्पणको माध्यम मानिएको छ । फूल अर्पण गर्दा मन शुद्ध हुन्छ र कर्म पवित्र हुन्छ भन्ने धार्मिक विश्वासले तिहारमा यसको प्रयोग अझ गहिरो बनाएको छ ।

सयपत्री, मखमली र गोदावरी नेपालका रैथाने फूल होइनन् । यी सबै विदेशी उत्पत्तिका फूल हुन्, जसले अहिले नेपाली माटोमा आफ्नो स्थायी स्थान बनाइसकेका छन् । सयपत्रीको उत्पत्ति दक्षिण अमेरिका, मेक्सिको र वरपरका देशमा भएको मानिन्छ । स्पेनी अन्वेषकहरूले यसलाई युरोप पुर्‍याए र त्यहाँबाट संसारभर फैलियो । नेपालमा कहिले सयपत्री फूल भित्रिएको भन्ने यकिन तथ्यांक छैन । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले सन् १८५५ तिर बेलायत पठाएको उल्लेख गरेको पनि पाइन्छ । अहिले नेपालमा सयपत्रीका १५ भन्दा बढी प्रजाति फुलाइन्छन् ।

मखमली फूल दक्षिण अमेरिकी देशहरू ब्राजिल, पानामा र ग्वाटेमालाबाट नेपाल भित्रिएको मानिन्छ । यसको गोलाकार आकार र मृदु बनावट प्रेम, आत्मीयता र स्थायित्वको प्रतीक हो । त्यस्तै, गोदावरी फूल चीन र जापानमा प्राचीन कालदेखि फुलाइने फूल हो । अठारौं शताब्दीदेखि यो विश्वभर फैलियो र अहिले अमेरिकाको सिकागो सहरको आधिकारिक फूलसमेत बनेको छ । नेपालमा पनि यसको प्रयोग तिहारका बेला अत्यधिक हुन्छ । यी सबै फूलहरू नेपालमा व्यावसायिक रूपमा उत्पादन गर्न थालिएको धेरै समय भएको छैन, तर नेपाली माटो र मौसमले ती फूलहरूलाई राम्रोसँग आत्मसात् गरेको छ ।

**फूलको व्यवसायिकता**

नेपालमा पुष्प खेतीको सुरुवात विसं २०११ तिर सामान्य रूपमा भएको हो । तर २०५० पछि यसले व्यावसायिक रूप लिन थाल्यो । जीवनशैलीमा आएको परिवर्तन, सहरीकरण र सौन्दर्यप्रतिको आकर्षणले फूल उद्योगलाई तीव्र गतिमा अघि बढाएको छ । नेपाल फ्लोरिकल्चर एसोसिएसनका अनुसार अहिले देशभरका ५२ जिल्लामा करिब २७० हेक्टर क्षेत्रफलमा व्यावसायिक रूपमा फूलखेती हुँदैछ । यसमा करिब एक हजार २३५ व्यवसायी यस क्षेत्रमा संलग्न छन् । यस क्षेत्रमा हालसम्म करिब आठ अर्ब ८३ करोड रुपैयाँ भन्दा बढीको लगानी भइसकेको छ, र ५३ हजारभन्दा बढी मानिसले रोजगारी पाएका छन् । यसले कृषि व्यवसायलाई नयाँ आयाम दिएको छ ।

तिहारका बेला नेपालभर फूलको बजार अत्यधिक सक्रिय हुन्छ । सयपत्री, मखमली र गोदावरी फूलका मालाको बिक्री देशभर हुने कुल फूल कारोबारको ६० प्रतिशतभन्दा बढी हिस्सा ओगट्छ । गत वर्षको तुलनामा यस वर्ष फूलको बजार अझ फस्टाएको एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठ बताउँछन् । गत वर्ष करिब ३७ करोड रुपैयाँ बराबरको कारोबार भएकोमा यस वर्ष ४० करोड रुपैयाँभन्दा बढी पुग्ने अनुमान गरिएको छ । सयपत्रीका ४० लाख, मखमलीका ३ लाख ५० हजार र गोदावरीका २० हजार मालाको खपत हुने अनुमान गरिएको छ । नेपालमा अहिले व्यावसायिक रूपमा ४५० प्रजातिका फूल उत्पादन भइरहेका छन्, जसमा सजावटी, धार्मिक र सुगन्धित फूलहरू प्रमुख छन् ।

नेपालमा उत्पादित फूलहरू अब घरेलु मागमै सीमित छैनन् । भन्सार विभागका अनुसार आव २०८०/८१ मा एक करोड दुई लाख रुपैयाँ बराबरको फूल तथा पुष्पजन्य वस्तु निर्यात भएको थियो । २०८१/८२ मा यो रकम बढेर दुई करोड १३ लाख रुपैयाँ पुगेको छ । नेपालका फूलहरू अहिले जापान, हङकङ, अमेरिका, अस्ट्रेलिया, कतार, क्यानडा र युएईजस्ता देशहरूमा निर्यात भइरहेको छ । नेपाली फूल विशेषगरी धार्मिक समारोह, विवाह र होटल-रेस्टुरेन्ट सजावटका लागि विदेशी बजारमा लोकप्रिय बन्दै गइरहेका छन् ।

**रोजगारी र आत्मनिर्भरता**

नेपालको कुल कृषि उत्पादनमा पुष्प खेतीको हिस्सा हाल कम देखिए पनि यसको आर्थिक प्रभाव बढ्दो छ । पुष्प व्यवसायले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हजारौं मानिसलाई रोजगारी दिएको छ, सहरी बजारमा ठूलो आर्थिक चलायमानता ल्याएको छ । महिला उद्यमशीलतालाई बलियो बनाएको छ । फूलको सुगन्धसँगै अब नेपाली माटोमा 'आर्थिक समृद्धिको गन्ध' पनि फैलिन थालेको छ । पुष्प खेती अब केवल सुन्दरता र संस्कृतिको प्रतीक होइन, रोजगारी, आत्मनिर्भरता र निर्यात क्षमताको नयाँ आधार बनिरहेको छ ।

पुष्प खेतीले नेपालको ग्रामीण अर्थतन्त्रमा नयाँ सम्भावना र आयको स्रोत सिर्जना गरेको छ । सहर वरिपरिका कृषकहरू जमिन भाडामा लिएर वा आफ्नै जमिनमा पुष्प खेती गर्न थालेका छन् । कोभिड-१९ महामारीले केही समय यस क्षेत्रलाई असर पारे पनि अहिले बजार पुनः सशक्त बनेको छ । पूजाआजा, विवाह, स्वागत-बिदाइदेखि अन्त्येष्टिसम्म फूलको प्रयोग हुने भएकाले यसको माग स्थायी छ ।

सहरमा फूल पसल र नर्सरीहरूको संख्या तीव्र गतिमा बढ्दै छ । काठमाडौं, भक्तपुर, ललितपुर, पोखरा, विराटनगर, धरान, नेपालगन्ज र चितवनजस्ता सहरहरूमा पुष्प व्यापार अत्यधिक फस्टाएको छ । पुष्प खेतीमा संलग्न धेरै किसान महिला र युवाहरू हुन्, जसले यो क्षेत्रमा आत्मनिर्भरता र रोजगारीको नयाँ बाटो खोलेका छन् ।

> *नेपालका फूलहरू अहिले जापान, हङकङ, अमेरिका, अस्ट्रेलिया, कतार, क्यानडा र युएईजस्ता देशहरूमा निर्यात भइरहेको छ । नेपाली फूल विशेषगरी धार्मिक समारोह, विवाह र होटल-रेस्टुरेन्ट सजावटका लागि विदेशी बजारमा लोकप्रिय बन्दै गइरहेका छन् ।*

**चुनौती र सुधारका सम्भावना**

पुष्प खेतीसँगै केही चुनौतीहरू पनि छन् । उत्पादन लागत उच्च हुनु, प्राविधिक ज्ञानको अभाव, भण्डारण र ढुवानी प्रणाली कमजोर हुनु यसका मुख्य समस्या हुन् । त्यसैगरी, मौसमीय परिवर्तन र रोग-कीराले उत्पादनमा असर पार्ने गर्छ । तर सम्भावना विशाल छ । नेपालमा विविध जलवायु र माटोको संरचना भएकाले यहाँ करिब सबै प्रजातिका फूल उत्पादन गर्न सकिन्छ । यदि सरकार र निजी क्षेत्रबिच सहकार्य गरेर कोल्ड-स्टोरेज, प्रविधि र बीउ अनुसन्धान केन्द्रहरू विस्तार गरियो भने नेपाल फूल निर्यातमा आत्मनिर्भर बन्न सक्छ ।

**निष्कर्षमा**

तिहारको उज्यालोले जस्तै पुष्प खेतीले पनि नेपालको अर्थतन्त्रमा नयाँ चमक ल्याएको छ । सयपत्री, मखमली र गोदावरी अब केवल सजावटका फूल होइनन् । यी आर्थिक प्रगतिको स्रोत बनेका छन् । पुष्प खेतीले रोजगारी, उद्यमशीलता र आत्मनिर्भरताको बाटो खोलिरहेको छ । नेपालले आफ्नो प्राकृतिक सुन्दरतासँगै फूल उद्योगलाई बढाउन सके, त्यसको सुगन्धले समृद्ध नेपालको सपना पूरा गर्न सहयोग गर्नेछ ।

***(लेखक कार्की, नेपाल पत्रकार महासंघ, ललितपुरका अध्यक्ष हुन् ।)***

## इतिहासमा आज

१९ अक्टोबर १९८८ मा बेलायती सरकारले सिन फेइनका सदस्यहरू र आयरिश रिपब्लिकन र उल्स्टर वफादार अर्धसैनिक समूहहरूसँग टेलिभिजन र रेडियो अन्तर्वार्तामा प्रसारण प्रतिबन्ध लगाउने घोषणा गरेको थियो ।




१९ अक्टोबर १९८९ मा गिल्डफोर्ड फोरको सजाय १५ वर्ष जेलमा बिताएपछि इङ्ल्याण्ड र वेल्सको पुनरावेदन अदालतले खारेज गरेको थियो ।



१९ अक्टोबर २००१ मा ४०० भन्दा बढी आप्रवासीहरू बोकेर क्रिसमस टापु जाँदै गरेको इन्डोनेसियाली माछा मार्ने डुङ्गा डुबेको थियो । जसमा ३५३ जनाको मृत्यु भएको थियो ।



१९ अक्टोबर १९८६ मा मोजाम्बिकका राष्ट्रपतिसहित ३३ जना सवार विमान लेबोम्बो पर्वतमा दुर्घटनाग्रस्त भएको थियो । जसमा सबैको ज्यान गएको थियो ।



# आयुर्वेद र धन्वन्तरि

**विचार**



●अच्युतप्रसाद पौडेल 'चिन्तन'

कार्तिक कृष्ण त्रयोदशी धन्वन्तरि जयन्ती आयुर्वेदको उदयको दिन हो । कार्तिकमासको आरम्भसँगै घरघरमा तुलसी संजीवनीको रूपमा पूजा आराधना, आकाशदीप दानदेखि कार्तिक स्नानको महत्व उजागर हुँदैछ । सत्ययुगमा देवता र दानवहरू मिली आपसी सम्झौता गर्दै समुद्र मन्थन गर्दा पृथ्वीका गर्भगृहबाट धेरै वस्तुहरूको प्राप्ति भएको थियो । मन्दराचल पर्वतलाई मदानी बनाई, ठेकीको रूपमा प्रयोग भएको समुद्र र त्यो डुब्न लाग्दा श्रीहरिले कुर्म अवतार लिई आफ्नै पिठ्युँमा धारण गरेका थिए । शेषनागको नेतीले समुद्र मन्थन गर्दा सर्वप्रथम कालकूट, हलाहल विष निस्कँदा, आजको भयावह एटोमिक ऊर्जा सहितको आणविक हतियारभन्दा चर्को, संसारलाई नै एकैपल्ट ध्वस्त गर्न सक्ने विष पैदा भएको थियो । श्रीशिवले त्यसलाई आफ्नै घाँटीमा राखी संसारलाई दग्ध हुनबाट रोकिएको प्रसंग र तिनै शिवले चिसो स्थान खोज्दै उत्तरापन्थतिर लाग्दा हालको रसुवा धुन्चे माथि रहेको एक पहाडी चट्टानमा त्रिशूल प्रहार गर्दा नदी त्रिशूलीको उदय भएको र अझसम्म श्रीशिव त्यहीँ विराजमान रहनु भएको कथा प्रसंगहरू भागवत महापुराणलगायत स्कन्दपुराणको हिमवत्खण्डमा वर्णित छन् ।

समुद्र मन्थन गर्दा लक्ष्मीको उदय हुँदा श्रीहरिले स्वीकारेको, उच्चैश्रवा घोडा स्वर्गका लागि तय भएको, महान् पारिजात वृक्ष पनि देवतालाई, अन्यान्य वेदहरू ऋषि महर्षिहरुलाई, ऐरावत हात्ती स्वर्गमै र वारुणी मदिरा दानवहरूलाई दिइएको र अन्त्यमा अमृत प्राप्त हुँदा देवताहरूलाई वितरण गर्न श्रीहरिले मोहिनी अवतार लिएको कथा शास्त्रमा पाइन्छ । जहाँ देवताहरूकै हारमा बसेर दानव राहुले पनि अमृत पान गरेको प्रसंगले सूर्य र चन्द्रमाले उजुरी गर्दा तिनलाई द्वेष गरी ग्रहण लाग्ने गरेको प्रसंगका साथमा समुद्र मन्थनबाटै श्रीहरिले अर्को अवतार धन्वन्तरि अवतार लिएको भेटिन्छ । सर्वकल्याण हेतु सबैको आयु वृद्धि गर्ने जडीबुटीसहितको शास्त्र आयुर्वेद लिएर उपस्थित भएको र तिनै शास्त्रको आधारमा परम्परागत चिकित्सा सञ्चालन भइरहेको हो ।

आयुर्वेदमा योगशास्त्र पनि परेको र प्राकृतिक चिकित्साले अहिलेसम्म धेरै रोगको रोगनिरोधक शक्ति सञ्चय भइरहेको छ । अहिले व्यापक एलोपेथी विज्ञानको उदयपछि आयुर्वेदलाई वैकल्पिक चिकित्साको रूपमा हेरेको छ भने हाम्रो देशमा स्वास्थ्य विज्ञानमा अभूतपूर्व परिवर्तन र विकासपछि स्वास्थ्य मन्त्रालय अन्तर्गत आयुर्वेदसम्बद्ध धेरै विभाग, संस्था संयन्त्रहरू रहेका छन् । साइड इफेक्ट नहुने, लामो समय आयुर्वेदीय औषधिले मानिसलाई राम्रो गरेका विषयहरू पनि छन् भने यसको कच्चा पदार्थ जडीबुटीको केन्द्र स्थल नै हो हाम्रो नेपाल । हिमाली, पहाडी मात्रै नभएर हरेक वनस्पति तत्वमा महौषधि रहेको र हरेक संस्कृत शब्द, वर्ण, अक्षरमा मन्त्र नै भएको पाइन्छ । योगशास्त्रका प्रथम गुरु शिवभूमि पनि हो हाम्रो देश नेपाल । जल, जमिन, जङ्गल र जडीबुटी नेपालका मौलिक चिनारी हुन् । यस क्षेत्रको अपार सम्भावनाले नै देश समृद्ध हुन सक्छ ।

हाम्रो देशका सबै क्षेत्रमा जडीबुटीका सम्भावना छन् । प्रदेशगत सम्भावनालाई हेर्दा सुदूरपश्चिम प्रदेशमा तेजपात, कुरिलो, रिट्ठा, डालेचुक धेरै पाइन्छ । कर्णाली प्रदेशमा कुड्की, अतीस, जटामसी, काउलो, टिमुर धेरै पाइन्छ । लुम्बिनी प्रदेशमा काउलो, तेजपात, टिमुर, सुगन्धकोकिल धेरै पाइन्छ । बागमती प्रदेशमा चिराइतो, लोठसल्ला, सतुवा, धसिँगरे धेरै पाइन्छ । मधेशमा हर्रो, बर्रो, कुरिलो, अमला, लेमनग्रासले प्रख्यात छ भने कोशीमा लोठसल्ला, चिराइतो, तेजपात र धसिँगरेको सम्भावना धेरै छ । जडीबुटीको अधिक सम्भावना भए पनि यस क्षेत्रमा राज्यको आँखा जान सकेको छैन, सरकारी नीति स्पष्ट छैन । एलोपेथीले एकछत्र राज गरेका बखत, एलोपेथी आउनु अघिदेखि मानव स्वास्थ्यमा योगदान गरिरहेको जडीबुटी भने ओझेलमा परेको छ । बजेटमा समृद्धिका लागि वन कार्यक्रम सञ्चालन गरी जडीबुटीमा आधारित उद्योगको विकास गरिने उल्लेख हुन्छ, हरेक साल ।

जडीबुटीको व्यवसायिक खेती विस्तार गर्दै प्रशोधन, बजारीकरण र विशिष्ट ब्राण्डिङ गरी निर्यात गर्ने उल्लेख हुन्छ । कर्णाली लगायतका हिमाली क्षेत्र र सुदूरपश्चिम प्रदेशमा जडीबुटी विकास विशेष कार्यक्रम सञ्चालन गरिने, जडीबुटी उत्पादन तथा कम्पनीको क्षमता अभिवृद्धि गर्दै नवीन प्रविधिको प्रयोग गरी गुणस्तरीय उच्च मूल्यका जडीबुटीजन्य वस्तु उत्पादन गर्ने भन्ने बजेटका बुँदाहरूमा पर्छन् नै, तर उल्लेखनीय प्रगति यस क्षेत्रमा छैन ।

जडीबुटीको दायरा ठूलो छ । भनिन्छ, रोग लागेर उपचार गर्नुभन्दा रोगै नलाग्न दिनु राम्रो हो । हिजोआजको खानपान र जीवनशैलीका कारण मानिसको आयु पूर्ण आयु हुन सकेको छैन । विदेशी मुद्रा आर्जनको नाममा हामीले वनस्पतिजन्य जडीबुटीलाई कच्चा पदार्थका रूपमा मात्र निर्यात गर्ने प्रयत्न गरेका छौं । आफैंले प्रशोधन गरेर आफ्नै स्रोत र प्रविधिले यसको मूल्य अभिवृद्धि गर्न सकिएन । देशभित्रैको प्रयोग बढाउन सके अर्बौं रकमको एलोपेथी औषधि आयातलाई हामीले सजिलै प्रतिस्थापन गर्न सक्छौं । यसको उत्पादनको क्षेत्र पनि व्यापक छ । हामी हिमालको काखमा छौं, अपार जलबाट ऊर्जाको व्यापक सम्भावना भए पनि हिमाली, उच्च पहाडी क्षेत्रबाट आफैं उब्जनी हुने र थप सम्भावना बोकेको क्षेत्र ओझेलमा परेको छ ।

## सामाजिक सञ्जाल



**रिता परियार**

सबै देशका राजदूतहरूलाई एकै पटक बोलाउने निर्णय यति छोटो समयमा गरिनु आश्चर्यजनक छापूर्व तयारी कत्तिको गरिएको छ? अन्यथा, हाम्रो परराष्ट्र नीति र कूटनीतिक सम्बन्ध झन् बिग्रने सम्भावना छायो सरकारको काम मुख्य रूपमा चुनाव गराउनु मात्र हो भन्ने अपेक्षा गरिएको थियो तर अहिले फेरि यो के हो ?



**अनिल गिरि**

हिन्दु भएका कारण हमासले विपिनको हत्या गरे की ? या हमासको आक्रमणपछि नेपाल सरकारले जारी गरेको कडा वक्तव्यका कारण हत्या गरेकी या प्रचण्ड सरकार र उनको विदेश मन्त्रीको भाषा बुझेर हत्या गरे? हमाससँग पुग्न नसकेका कारण या सधैं रुस, इजरायल, भारत, चीन, अमेरिका देशका पक्षमा तर साना देशको पक्षमा नबोल्ने नीतिका कारण यो कठोर बलिदान भयो ?



**कृष्ण ज्ञवाली**

नेपाली समाज अचम्मको सहिष्णु, क्षमाशील र आशुतोष छ।देउवाले यति ढिलो,उमेर र स्वास्थ्यको यस्तो अवस्थामा,त्यो पनि कार्यवाहक दिएका छन्,यसै पनि विधानले फेरि सभापति उठ्न दिँदैन,र पनि सबैतिर उनको हाइहाइ छ। यही क्षमाशीलता र विस्मरण प्रियताको फाइदा उठाएका त हुन् यी 'रित्तिएका शक्ति'हरुले ।



**निर्मल प्रसाईं**

ओली सरकारले दमन गरेको जेनजी आन्दोलनका घाइतेको उपचार खर्च १ अर्ब बढी, निःशुल्क उपचार घोषणा गरेका निजी अस्पतालले पैसा मागे। यसको भर्पाई ओली र लेखक बाट हुनुपर्छ, यिनीहरू बाटै पैसा असुली गराई अस्पताललाई बुझाउनुपर्छ। गल्ती गर्ने यिनीहरू, राज्यले भार किन बोक्ने?

# दलित बस्तीमै सञ्चालित नमुना सरकारी विद्यालय

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १ कात्तिक




दलित बालबालिकाले पहिलोपटक आफ्नै गाउँमै आत्मसम्मानका साथ शिक्षा लिने वातावरण पाएका छन् । रुकुमपूर्वको भूमे गाउँपालिका-९ डाडागाउँमा रहेको श्री मदन स्मृति आधारभूत विद्यालय देशकै पहिलो 'शुद्ध दलित बस्ती'मा सञ्चालनमा आएको सरकारी विद्यालयका रूपमा परिचित बन्दै गएको छ ।

डाडागाउँका ६५ घरधुरी सबै विश्वकर्मा (दलित) समुदायका हुन् । यही बस्तीमा रहेको विद्यालयले जातीय समावेशिता, सामाजिक पहिचान र शैक्षिक पहुँचको दृष्टिले दुर्लभ उदाहरण प्रस्तुत गरेको छ ।

२०६४ सालमा सहादत प्राप्त जनमुक्ति सेनाका मदन सुनारको स्मृतिमा स्थापना गरिएको यो विद्यालयमा हाल बाल विकासदेखि कक्षा ५ सम्म पठनपाठन हुँदै आएको छ । गाउँमा अन्य कुनै जातिको प्रवेश छैन र विद्यालय पनि दलित समुदायकै सक्रियतामा सञ्चालन हुँदै आएको छ । प्रधानाध्यापक चेतराम नेपालीका अनुसार विद्यालयमा जातीय घुलमिल नभए पनि भेदभावको कुनै अनुभूति छैन । 'यहाँका बालबालिकाले आत्मसम्मानका साथ पढ्न पाएका छन्, जुन अरू धेरै ठाउँमा सहज छैन,' उनले बताए । हाल विद्यालयमा ५० विद्यार्थी अध्ययनरत छन् भने ४ जना शिक्षक (२ पुरुष, २ महिला) कार्यरत छन् ।

विद्यालयमा शौचालय, पिउने पानी, छात्रवृत्ति, खाजा र पाठ्यपुस्तक पर्याप्त मात्रामा उपलब्ध छन् । विद्यार्थी अकेश सुनार र सनीता महर भन्छन्,' हामीलाई खाजा, छात्रवृत्ति र पुस्तक समयमै पाइन्छ, पढ्न सहज छ ।' विद्यालयका संस्थापक अध्यक्ष पलबहादुर विकका अनुसार सुरुदेखि नै दलित बालबालिकाका लागि सुरक्षित र सहज शिक्षण वातावरण बनाउने प्रतिबद्धता रहँदै आएको छ ।

बालविकास शिक्षिका एलिसा महरका अनुसार गाउँमा जातीय भेदभावको अनुभूति कहिल्यै भएको छैन, जसले विद्यार्थीहरूमा आत्मविश्वास बढाएको छ । शिक्षिका जीवनरेखा सुनार भन्छिन्,'शिक्षक, अभिभावक र समुदायबीचको सक्रियताले विद्यालयका धेरै समस्या समाधानमा सहयोग पुऱ्याएको छ ।' गाउँपालिका कार्यपालिका सदस्य भागिलाल दमाईका अनुसार, विद्यालयले गुणस्तरीय शिक्षा दिन सके अन्य ठाउँका बालबालिकालाई पनि आकर्षित गर्ने क्षमता राख्छ । 'राज्यले यस्ता विद्यालयलाई विशेष प्राथमिकतामा राख्नुपर्छ,' उनले भने ।

वडाध्यक्ष विनोद बुढाले विद्यालयमा शिक्षक अभाव, डेस्क-बेञ्च कमीजस्ता समस्या रहेको बताए । 'पोषणका लागि अण्डा वितरण कार्यक्रम सञ्चालन भइरहेका छन्, पाठ्यक्रम सुधारतर्फ पहल भइरहेको छ, अझ नयाँ योजना ल्याउने तयारी छ,'उनले जानकारी दिए ।

श्री मदन स्मृति आधारभूत विद्यालय जातीय समावेशिता, सामाजिक न्याय र शिक्षामा पहुँचका दृष्टिले राष्ट्रिय स्तरमै अनुकरणीय नमुना बन्दै गएको छ । यस्तो विद्यालयलाई थप स्रोतसाधन र नीतिगत प्राथमिकता दिइएमा दलित बस्तीहरूमा गुणस्तरीय शिक्षाको नयाँ ढोका खुल्ने सम्भावना देखिएको छ ।

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०७/०२**

यस सा.व.उ.स. बाट संकलन भएको साज गोलिया काठ २८७.५९ क्यू फिट र कर्मा गोलिया काठ २८.१८ क्यू फिट तथा जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँबाट सा.व.उ.स. मा फिर्ता भएको साल गोलिया काठ २९७.३३ क्यू फिट लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**भुयाँरी सा. वन उपभोक्ता समूह, व्यास १४, तनहूँ ।**

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८२/०७/०२**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट लिनुभएको ऋणको संस्थालाई समय समयमा तिर्नु बुझाउनुपर्ने सावाँ, सावाँको किस्ता, ब्याज र हर्जाना रकम समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नुभएकोले तपशिलका ऋणीलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत ऋणको सावाँ तथा सोमा लागेको ब्याज तथा हर्जाना बुझाउनेतर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपशिलमा उल्लेखित ऋणी व्यक्तिगत जमानीकर्ता धितो धनीका नाममा बाँकि रहेको ऋण चुक्ता भूक्तानी गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋण, ऋणको बुझाउनुपर्ने सावाँ, ब्याज तथा हर्जाना रकम अबिलम्ब चुक्ता भूक्तानी गर्नुहोला । अन्यथा संस्था र ऋणीबिच भए गरेका ऋण सम्बन्धी सर्त सम्झौता संस्थाको नियम तथा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित नियम कानुन बमोजिम सम्बन्धित ऋणीको दृष्टिबन्धक रोक्का रहेको चल अचल सम्पत्ती जेजस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्रि गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | फोटो | धनजमानीकर्ताको विवरण | फोटो |
|---|---|---|---|---|
| १ | नामः राम प्रसाद न्यौपाने<br>बाबुको नामः जोगीलाल न्यौपाने<br>बाजेको नामः हरी प्रसाद न्यौपाने<br>स्थायी ठेगाना : लेले–७, ललितपुर<br>नागरिकता नं. : २२३९१ |  | नाम : शिव कुमार न्यौपाने<br>बाबुको नाम : राम प्रसाद न्यौपाने<br>बाजेको नाम : जोगीलाल न्यौपाने<br>स्थायी ठेगाना : लेले–७, ललितपुर |  |
| २ | ऋणीको नामः सरस्वती तिमल्सिना<br>बाबुको नाम : कृष्ण प्रसाद घिमिरे<br>पतिको नाम : कृष्ण प्रसाद तिपल्सिना<br>स्थायी ठेगाना : लेले–७, ललितपुर<br>नागरिकता नं. : २०७७२ |  | नाम : कृष्ण प्रसाद तिमल्सिना<br>बाबुको नामः गंगा प्र. तिमल्सिना<br>बाजेको नामः जय नारायण सिमल्सिना<br>स्थायी ठेगाना : लेले–७, ललितपुर |  |
| ३. | ऋणीको नाम : शारदा घिमिरे<br>बाबुको नाम : थल प्रसाद घिमिरे<br>पतिको नाम : केशव दाहाल<br>स्थायी ठेगाना : सैबु–३, ललितपुर<br>नागरिकता नं. : ६५०५० |  | नाम : केशव दाहाल<br>बुवाको नाम : टंक प्रसाद दाहाल<br>बाजेको नाम : जोग नारायण दाहाल<br>स्थायी ठेगाना : गोदावरी–१३, ललितपुर |  |
| ४. | ऋणीको नाम : रिता शंकर<br>बाबुको नाम : नर बहादुर विश्वकर्मा<br>बाजेको नाम : बुद्धिमान विश्वकर्मा<br>स्थायी ठेगाना : ढुखर्क–६, काभ्रेपलान्चोक<br>नागरिकता नं. : ३०–३०१०३३–१६२१४९ |  | नाम : प्रकाश वराईली<br>बाबुको नाम : बट्टाई कामी<br>बाजेको नाम : सानुकाजी कामी<br>स्थायी ठेगाना : गैनिविसौना, देउपुर १, काभ्रेपलान्चोक |  |

**हेलो बचत तथा ऋण सहकारी संस्था लि.,**
प्रधान कार्यालय, लगनखेल–फोन नं. ०१–५४२२४४६
सेवा केन्द्र, धर्मपथ–२३, न्यूरोड, काठमाण्डौं फोनः नं. ०१–५३६५८११


## UAE मा रोजगार

कम्पनी : DCS CLEANING SERVICES LLC
पूर्व स्वीकृत मितिः २०८२/०६/३१ चलानी नं.: ६०२४६२५९
शहरः UAE
LT no. 332594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 51 | 0 | स. काममा दक्ष | 1000 | ३८,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता शाखा कार्यालय इटहरीमा मिति २०८२ कार्तिक १३ गते (30 October 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ कार्तिक १४ गते (31 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोनः ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालयःईटहरी सम्पर्क नः ९७०४३५६७५६

## साउदीमा रोजगार

कम्पनीः KATOEN NATIE KHONAINI CO.LTD
पूर्व स्वीकृत मितिः २०८२/०६/३० चलानी नं.: ६०२४६२१८
शहरः JUBAIL
L.T. No.: 332490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklift Operator / Machine Operators | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६७,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing & Packaging Worker | 2 | 0 | | 1500 | ५६,०८५ | | | | | | | |
| 3. | Heavy Truck Drivers | 1 | 0 | | 1800 | ६७,३०२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ९ गते (26 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामददारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Miracle Employment Service (P.) Ltd**
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np


# तारकेश्वरको मचागाःमा सार्वजनिक जग्गा संरक्षणको बोर्ड राखियो

**काठमाडौं/मस**–तारकेश्वर वडा नं. ९ को अतिक्रमित सार्वजनिक जग्गा मचागाःमा वडाध्यक्ष श्यामकृष्ण महर्जनले सार्वजनिक जग्गा संरक्षण गरिएको बोर्ड राखेका छन् । सो कार्यक्रममा बोल्दै वडाअध्यक्ष महर्जनले अन्य ठाउँहरुमा पनि अब बोर्ड राख्ने कार्य सुरु हुने तर त्यसका लागि स्थानीयबासीको सहयोग आवश्यक भएको बताए ।

मचागाःसंरक्षणका लागि नवीन नगरका स्थानीयबासीले सदनदेखि राष्ट्रिय मिडियाबाट समेत आवाज उठाउँदै आएका थिए । केही महिनाअघि काठमाडौं क्षेत्र नं. ६ का संघीय सांसद शिशिर खनालले संसद्मा कुरा उठाएपछि नगरपालिकाले संरक्षण गर्ने घोषणा सामाजिक सञ्जालबाट गरेको थियो ।

लामो समयसम्म नगरपालिकाले बोर्ड नराख्दा स्थानीयको गुनासो बढेपछि वडाध्यक्ष महर्जन आफैंले खाल्डो खनेर बोर्ड राखेका छन् । सो कार्यबाट स्थानीयबासीले खुशी व्यक्त गरेका छन् । मचागाः को कित्ता नं. ६२ र ६३ गरि ९ आना सरकारी जग्गा रहेको मालपोत कार्यालय मनमैजुका कार्यालय प्रमुखले बताएका छन् । सो जग्गा अतिक्रमित भएकोबारे सञ्चारमाध्यममा समाचार प्रकाशन भएको थियो । स्थानीय भूपाल गौतमले भने,'हाम्रो लामो प्रयास सफल भएको छ । यो अभियानका लागि सुरु देखि नै लाग्नु हुने स्थानीय सामाजिक अभियन्ता सुशान्त न्यौपानेसहित मिडिया, संघीय सांसद् शिशिर खनाल र वडाअध्यक्ष श्यामकृष्ण महर्जनलाई हामी टोलबासीको तर्फबाट आभार व्यक्त गर्दछौं ।'

## Sahidbhumi Rural Municipality
## Office of the Rural Municipal Executive
**Piple, Dhankuta**
**Koshi Province, Nepal**

### Invitation For E-Bid for the following construction works as specified below

**First Date of publication: 2082/07/02 (19 October, 2025)**

1. Sahidbhumi Rural Municipality, Office of the Rural Municipal Executive, Piple, Dhankuta, invites Electronic Bids from eligible bidders for the procurement of the following works.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.
3. All eligible bidders are requested to submit Bids as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Total Cost Inclusive. VAT & PS | Cost of the Bid Document | Method | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|---|
| 1 | *Sukeahal- Mamfing- Mangting Road Upgrading Project.* | 02-SAHIDBHUMI/ ROAD/82-83 | NRs. 97,00,000.00 | NRs. 3,000.00 | NCB | NRs. 2,50,000.00 | 18 Nov.2025 (12:00 PM) |
| 2 | *Piple Lughung Jisu Raighat Rural Road Upgrading Project.* | 03-SAHIDBHUMI/ ROAD/82-83 | NRs. 1,16,40,000.00 | NRs. 3,000.00 | NCB | NRs. 3,00,000.00 | 18 Nov.2025 (12:00 PM) |

**Information to deposit cost of the bid document**
Name of bank : Citizens Bank International Ltd.,
Name of office : Sahidbhumi Rural Municipality, Office of the Rural Municipal Executive, Piple, Dhankuta
Office account no. : 0740100000001202 SAHIDBHUMI GA.PA. ANTARIK RAJASWO KHAATA

4. Electronic bids must be submitted to the office of **Sahidbhumi Rural Municipality, Office of the Rural Municipal Executive,** Piple, Dhankuta through PPMO website www.bolpatra.gov.np/egp .
5. All other conditions of the bidding process will be as per the public procurement act, 2063 and public procurement regulation, 2064.

**Chief Administrative Officer**

## Gandaki province government
## Ministry of Social Development and Health
## Health Directorate
# Province Hospital
## Besishahar Lamjung

### Invitation for Online E -Bids

**First date of Publication: 19th Oct 2025 (2nd Kartik 2082)**

1. Province Hospital Besishahar, Lamjung Invites the **Online bids only** under e-procurement system from eligible bidders for the Procurement of Goods (S.N. 1) as mentioned below under National Competitive bidding. Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** and other information may be obtained at office. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.
2. All medicine related items must be WHO/GMP certified and reliable documents verifying the statement must be provided.
3. All good supplied to the hospital must be of good quality and must have an expiration date that is acceptable as per the law.
4. The items in the procurement will be selected in Item wise Basis and hospital will be eligible to purchase same item at the quoted rate if hospital requires.
5. The quoted rate must abide by the rules and regulation of Nepal Government.
6. For Enquiry call at 066-520183/520258
7. Bid shall be evaluated on item-wise basis.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the day shall be considered as the last date the same as specified for the original last date of bid purchasing/submission.
9. The goods mentioned in the bid will be purchased repeatedly. The amount of goods to be purchased may decrease or increase further according to the needs of the hospital.

| S. N. | Name of Goods | Contract ID | Cost of Bid Document (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | ***Supply and delivery of Pharmacy Medicine Items*** | **PHBL/NCB/ Goods/082/083-1** | 5,000/- | 10,00,000 |
| **Last date of bid submission: 20th Nov, 2025 (2082-8-4)** | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank:- Rastriya Banijya Bank, Besishahar Branch, lamjung<br>Name of Office:- Province Hospital Besishahar, Lamjung<br>Office Code No :- 3700137014<br>Revenue Head No.: 14229) | Name of the Bank:- Rastriya Banijya Bank, Besishahar Branch,lamjung<br>Name of Office: Province Hospital Besishahar, Lamjung<br>Office Code No.:- 3700137014<br>Office Account No: 1000100200010000 |

**Medical Superintendent**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# गोल्याण ग्रुप र शहीद परिवारबीच शैक्षिकवृत्ति समझदारीपत्रमा हस्ताक्षर




काठमाडौं/मस-अग्रणी औद्योगिक घराना गोल्याण ग्रुप र जेन-जी आन्दोलनका शहीद परिवारबीच 'शैक्षिक-वृत्ति योजना' को सझदारीपत्रमा हस्ताक्षर भएको छ । गोल्याण ग्रुपले यही असोज २४ गते घोषणा गरेको शहीद परिवारका लागि शिक्षा तथा स्वास्थ्यमा आधारित सहयोग कार्यक्रम कार्यान्वयन गर्ने क्रममा उक्त समझदारी गरेको हो । पहिलो चरणमा शुक्रबार ११ जना बालबालिकालाई कक्षा १२ सम्मको अध्ययन र विशेष क्षमता तथा प्रतिभा प्रोत्साहनका लागि खर्च व्यहोर्ने गरी सम्झौता भएको छ। गोल्याणको तर्फबाट कम्पनीका कर्पोरेट अफेयर्स एण्ड कम्युनिकशन्स प्रमुख ज्योति गैह्रे र बालबालिकाका तर्फबाट उनीहरुका अभिभावकले हस्ताक्षर गरेका छन् ।

समझदारीअनुसार गोल्याण ग्रुपले शहीद परिवारका सदस्यले अध्ययन गर्दै आएको, इच्छाएको वा उपयुक्त ठहरिएको शैक्षिक संस्थामा माध्यमिक तह (कक्षा १२) सम्म अध्ययन गर्न आवश्यक छात्रवृत्ति प्रदान गर्नेछ। 'छात्रवृत्ति स्वरुप निज अध्ययनरत शैक्षिक संस्थाको बैंक खातामा सो संस्थाले तोकेको शुल्क आवश्यकता अनुसार वा एकमुष्ट जम्मा गर्नेछ,' समझदारीपत्रमा भनिएको छ, 'आवश्यक परेको खण्डमा छात्रवृत्ति प्राप्तकर्ताको अभिभावक, गोल्याण ग्रुप तथा सम्बन्धित शैक्षिक संस्थाबीच यस समझदारीको अधिनमा रही तीन पक्षीय सम्झौता गर्न सकिनेछ ।' शैक्षिक छात्रवृत्तिका अतिरिक्त बालबालिकाको इच्छाअनुसार कुनै एक अतिरिक्त क्रियाकलापमा सहभागी हुन सम्बन्धित संस्थामा भर्ना तथा नियमित शुल्क समेत व्यहोर्ने समझदारीपत्रमा उल्लेख छ ।

अभिभावकहरुले दिएको जानकारीका आधारमा यूरो स्कुल छाउनी, प्याराडाइज इंलिस स्कुल सानेपा, जागृति विद्यासदन इंलिस स्कुल मुलपानी लगायतमा पढाउने गरी प्रक्रिया सुरु गरेको गैह्रेले जानकारी दिइन् ।

'हामीले गर्ने कुनै पनि सहयोगले परिवारका प्रियजन गुमाउँदाको पीडा मेटाउन सक्दैन, तर तपाइँहरु एक्लो हुनुहुन्न, हामी पनि सँगसँगै छौं भन्ने भावनाले सहयोगको हात बढाएका हौं,' उनले भनिन्, 'शहीदका बालबालिकासँग उनीहरुको सपना पनि जोडिएकाले त्यसको संरक्षण गर्नु हामीले दायित्व सम्झेका छौं ।'

गोल्याण ग्रुपकी कर्पोरेट अफेयर्स एण्ड कम्युनिकशन्स प्रमुख गैह्रेले कम्पनीले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा जेन-जी आन्दोलनका शहीद परिवारका लागि शिक्षा र स्वास्थ्यमा आधारित सहयोग कार्यक्रम घोषणा गरेको र त्यसलाई कार्यान्वयन सुरु गरेको बताइन् । उनका अनुसार शहीद परिवारका घरमै गएर उनीहरुको आवश्यकता पहिचान गरी पहिलो चरणको सहयोग कार्यक्रम अघि बढाइएको हो । 'हामीले क्रमशः अन्य शहीदका परिवारसँग पनि सम्पर्क गरिरहेका छौं, उहाँहरुको आवश्यकता पहिचान गरेर सबैलाई सहयोग कार्यक्रममा जोड्नेछौं,' उनले भनिन् ।

समझदारीपत्रमा हस्ताक्षर गर्ने क्रममा काठमाडौं, सानो भऱ्याङकी उर्मिला नगरकोटीले नयाँ अभिभावक पाएको बताइन् । बुवा पहिल्यै बितेका र आमा कान्छी नगरकोटीको आन्दोलनमा मृत्यु भएपछि उर्मिलाको काँधमा ९ कक्षामा अध्ययनरत भाइ र ११ कक्षामा अध्ययनरत बहिनीको जिम्मेवारी आइलागेको थियो । 'बुवा-आमा नरहेपछि भाइबहिनीलाई कसरी पढाउने भन्ने चिन्ता थियो, अब हटेको छ,' उनले भनिन् ।

शहीद अनिष पराजुलीकी धर्मपत्नी मन्जु पौडेलले हरेक व्यक्तिको जीवनमा शिक्षाभन्दा ठूलो केही नभएको बताउँदै यसको जिम्मेवारी लिएकोमा गोल्याण गुपप्रति आभार व्यक्त गरिन् । मन्जुका श्रीमान् अनिष पराजुलीको महाराजगन्जमा गोली लागेर मृत्यु भएको थियो। उनका २ वर्षीय र १४ वर्षीय दुई छोरा छन्। उनीहरुको १२ कक्षासम्मको शिक्षाको जिम्मेवारी गोल्याणले लिएको छ । गोल्याण ग्रुपले स्वास्थ्य बीमा सहयोग कार्यक्रम कार्यान्वयन प्रक्रिया पनि सुरु गरेको जनाएको छ । शैक्षिक वृत्ति कार्यक्रममा समेट्न नसकिएका सहिद परिवारका बुवा र आमाका लागि बीमामार्फत सहयोग गरिने कम्पनीका कर्पोरेट अफेयर्स एण्ड कम्युनिकशन्स प्रमुख गैह्रेले जानकारी दिइन् । उनका अनुसार दोस्रो चरणमा तिहारलगत्तै बाँकी शहीद परिवारलाई भेटेर कार्यक्रममा जोडिनेछ। काठमाडौं बाहिर रहेका शहीद परिवारसँग पनि सम्पर्क गर्ने काम भइरहेको र कात्तिक महिनाभित्र सबैलाई घोषणाअनुसार सबै सहिद परिवारलाई सहयोग कार्यक्रममा आवद्ध गर्ने गैह्रले बताइन् ।

# वेनडी हाउस स्कुल विशालनगरमा तिहार मेला सम्पन्न



**काठमाडौं/मस**-वेनडी हाउस स्कुल, विशालनगरमा तिहार मेला भव्यरुपमा सम्पन्न भएको छ । वेनडी हाउस स्कुल, सेन्टर फर अटिज्म, वेनडी इन्क्लुसिभ स्कुल र सानफोर्ट वर्ल्ड स्कुल परिवारको संयुक्त सहकार्यमा शनिबार 'तिहार मेला २०२५' एक भव्य सांस्कृतिक पर्वका रूपमा सम्पन्न भएको हो ।

तिहारको झिलिमिली रंग र बालबालिकाको हाँसोले शनिबार बिहानैदेखि विशालनगर उज्यालो बनेको थियो । यो केवल दीयो र बत्तीले मात्र होइन, सृजनशीलता र ममताको उज्यालोले पनि आकाश झिलिमिली थियो । यही उज्यालोबीच शिक्षा, कलात्मकता, सहकार्य र समावेशीताको सुन्दर सन्देश फैलाउककदै तिहार मेला सम्पन्न भयो ।

बिहान ११ बजेदेखि सुरु भएको मेलामा विशेष सजावटका साथ बालबालिकाले तयार पारेका दियो, माटाका भाँडा, हस्तकलाका सामग्री, मीठा परिकार, खेलकुदका स्टल र चित्रकला प्रदर्शनीहरूले वातावरण रमणीय बनाइरहेको थियो । विद्यालयकी प्रिन्सिपल ललिता प्रसाईं अभिभावकका लागि सान्त्वना, विद्यार्थीका लागि उत्साह, र शिक्षकका लागि प्रेरणा उजागर गर्दै विद्यार्थीसँगै हाँस्दै, बोल्दै र प्रोत्साहित गर्न व्यस्त देखिन्थिन् । उनले भनिन्,'यी बालबालिकाले हामीलाई जीवन बुझ्न, सिर्जना गर्न, र माया बाँड्न सिकाउँछन् ।'

वास्तवमै प्रिन्सिपल प्रसाईंको नेतृत्वले विद्यालयको वातावरणलाई शिक्षा र संवेदनाको संगममा रूपान्तरण गरेको छ। उनी 'सेन्टर फर अटिज्म' र वेनडी हाउस स्कुल दुवैको संयोजक आत्मा हुन्, जसले अटिजम भएका बालबालिकालाई आत्मविश्वासपूर्वक समाजको केन्द्रमा ल्याउने कार्य गरिरहेकी छन् । मेला केवल रमाइलो मात्र कार्यक्रम थिएन, यो 'सीप र आत्मनिर्भरताको पाठशाला थियो। विद्यालयले 'सिकौं र आर्जन गरौं' भन्ने नारालाई आत्मसात गर्दै, बालबालिकालाई पुनः प्रयोग गर्न मिल्ने सामग्रीबाट नयाँ उत्पादनशील वस्तुहरू निर्माण गर्न सिकाएको थियो । यसले तिनमा सिर्जनात्मक सोच र आर्जनको चेतना दुवै विकास गऱ्यो ।

प्रधानाध्यापिका प्रसाईं बीचबीचमा अभिभावकहरूसँग संवाद गर्दै थिइन् । उनीहरूको सन्तानका सृजनामा गर्व अनुभव गर्दै, हरेक विद्यार्थीको प्रयासको कदर गर्दै । अभिभावकहरू पनि विद्यालयप्रतिको आभार व्यक्त गर्दै थिए । 'यो विद्यालयले हाम्रा छोराछोरीलाई केवल पढाएको होइन, जीवन बुझ्न सिकाएको छ,' एक अभिभावकले भावुक हुँदै भने ।

त्यो वातावरणमा प्रसाईंको नेतृत्वशैली आफैंमा प्रेरणादायी देखिन्थ्यो। न त कुनै औपचारिकता, न दूरी; उनी साना बालिकाहरूका दियो बाल्ने साथी थिइन्, अभिभावकका सल्लाहकार थिइन्, र शिक्षकहरूको मार्गदर्शक पनि ।

मेला साँझतिर दीप र बत्तीले झनै उज्यालो बन्यो । संगीत गुन्जियो र बालबालिकाहरू खुशीको उज्यालोमा नाचिरहेका थिए । प्रसाईंले अन्त्यमा भनिन्,' हाम्रो उद्देश्य केवल मेला मनाउने होइन, हरेक बालकको मनमा उज्यालो बाल्ने हो, जसले समाज नै रोशन बनाउँछ ।'

शनिबार तिहार मेला एउटा विद्यालयको आयोजनाभन्दा बढी बन्यो । त्यो सामुदायिक प्रेम, समावेशी चेतना र सृजनशीलताको उज्यालो पर्व बन्यो ।

# बारा र पर्सामा ७१ प्रतिशतलाई हैजाविरुद्धको खोप

काठमाडौं/मस-बारा र पर्सामा कुल जनसंख्याको ७१ प्रतिशतलाई हैजाविरुद्धको खोप दिइएको छ ।

स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा.अभियान गौतमले बारा र पर्सा दुवै जिल्लाको १० लाख १८ हजार ६० लक्षित जनसंख्यामध्ये सात लाख २३ हजार ८ सय ३६ ले खोप लिइसकेको जानकारी दिए ।

खोप शाखाले उपलब्ध गराएको विवरणअनुसार हैजा रोगविरुद्धको खोप अभियानको प्रारम्भिक तथ्यांकमा पर्सामा अभियान सुरु भएको छैंठो दिनमा छ लाख ५२ हजार १ सय २९ जनामा हालसम्म चार लाख ५६ हजार ७ सय ७८ जनाले खोप लिइसकेका छन् । यसैगरी बारामा तीन लाख ६५ हजार ९ सय ३१ मा दुई लाख ६७ हजार ५८ जनाले खोप लिइसकेका छन् ।

पर्सामा फैलिएको हैजा महामारीको प्रतिकार्यस्वरूप जिल्लाका सबै स्थानीय तह र पर्सासँग सिमाना जोडिएका बाराका छ वटा स्थानीय तहहरु, कलैया उप-महानगरपालिका, जितपुर-सिमरा उप-महानगरपालिका, परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका, फेटा गाउँपालिका र विश्रामपुर गाउँपालिकामा एक वर्ष उमेर माथिका सबैलाई हैजाविरुद्ध खोप दिइँदैछ ।

असोज २६ देखि पर्सा र २७ देखि बारामा सुरु भएको अभियान हाल सबै स्थानीय तहमा उत्साहका साथ सञ्चालन भइरहेको खोप शाखा प्रमुख डा गौतमले जानकारी गराए ।


## Likhu Pike Rural Municipality
## Office Of The Rural Municipal Executive
### Chaunlakharka, Solukhumbu
### Koshi Province, Nepal

**Invitation for Bids No.: NCB/WORKS/LPKRM/082/083-01**

**Date of publication: 19-10-2025 00:00**

1. Likhu Pike Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the construction Following Project under National Competitive Bidding procedures.

| S. N. | Project Name (IFB No.) | Bid Fee | Bid Securities | Estimate Amount (without VAT) |
|---|---|---|---|---|
| 1 | Rangda-Jolakhu-Buddha Ma.Vi Road Upgrading Work (IFB No: NCB/WORKS/LPKRM/082/083-01) | 3,000/- | 3,50,000/- | **1,17,77,707.78/-** |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Likhu Pike Rural Municipality, Solukhumbu, Chaulakharka, Solukhumbu, Province One, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Citizens Bank International Ltd.**
   **Name of Office: Likhu Pike Rural Municipality, Solukhumbu**
   **Office Code no: https://sutrarevenue.fcgo.gov.np (please visit this Site for payament)**
   **Office Account no: 0720100000001202**
   **Rajaswa (revenue) Shirshak no.: (Local Level Revenue Portal)**
4. Pre-bid meeting shall be held at Likhu Pike Rural Municipality, Chaulakharka, Solukhumbu at at 10-11-2025 14:00 hours.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 20-11-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 20-11-2025 14:00 at the office of Likhu Pike Rural Municipality, Chaulakharka Solukhumbu Koshi Pradesh Nepal.
   Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 3,50,000. which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administretive Officer**

## Gandaki Rural Municipality
## Office of Rural Municipal Executive
### Bhulmichok, Gorkha
### Gandaki Province, Nepal

## Invitation for E-Bids

**Date of publication: 2025-10-19 (2082-07-02)**

1. Gandaki Rural Municipality has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Gandaki Rural Municipality, Office of Municipal Executive Invites Electronic Bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/WORKS/ NCB/05/2082/83 | Upgrading Of Gorkha District Gandaki Rural Municiplaity Ward No.1 Road | NCB-WORKS | 88,85,755.21/- | 3,000/- | 2,30,000/- | 90 days /120 days after bid opening | 2025-11-18 (2082-08-02) 12.00 | 2025-11-18 (2082-08-02) 13.00 |
| GRM/WORKS/ NCB/06/2082/83 | Upgrading Of Gordi Bhalayedada Road | NCB-WORKS | 56,31,957.56/- | 3,000/- | 1,45,000/- | 90 days /120 days after bid opening | 2025-11-18 (2082-08-02) 12.00 | 2025-11-18 (2082-08-02) 13.00 |
| GRM/WORKS/ NCB/07/2082/83 | Upgrading Of Keureni Chhapthok Kerabari Road | NCB-WORKS | 60,79,711.39/- | 3,000/- | 1,55,000/- | 90 days /120 days after bid opening | 2025-11-18 (2082-08-02) 12.00 | 2025-11-18 (2082-08-02) 13.00 |
| GRM/WORKS/ NCB/08/2082/83 | Upgrading Of Maaobadi Chok to Phisling Road | NCB-WORKS | 60,72,669.87/- | 3,000/- | 1,55,000/- | 90 days /120 days after bid opening | 2025-11-18 (2082-08-02) 12.00 | 2025-11-18 (2082-08-02) 13.00 |
| GRM/WORKS/ NCB/09/2082/83 | Upgrading Of Jyamireghat Aapchaur Road | NCB-WORKS | 60,87,859.79/- | 3,000/- | 1,55,000/- | 90 days /120 days after bid opening | 2025-11-18 (2082-08-02) 12.00 | 2025-11-18 (2082-08-02) 13.00 |
| GRM/WORKS/ NCB/10/2082/83 | Upgrading Of Ward office-Terse-Kotgaun-Lapsi Khola Road | NCB-WORKS | 60,79,853.99/- | 3,000/- | 1,55,000/- | 90 days /120 days after bid opening | 2025-11-18 (2082-08-02) 12.00 | 2025-11-18 (2082-08-02) 13.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Municipal Executive, Bhumlichok Gorkha, Gandaki Province, Nepal **9841378428** or may visit PPMO website www.bolpatra.gov.np/egp or www.gandakimun.gov.np.

**Chief Administrative Officer**

# परिस्थिति सामान्य भएपछि ४१ स्थानबाट सेना फिर्ता

**काठमाडौं/मस–** 'जेनजी' प्रदर्शनपछि ६२ वटा कारागार र महत्त्वपूर्ण संरचनाको सुरक्षामा खटिइएको नेपाली सेनाको फौज स्थिति सामान्य हुँदै गएपछि ४१ स्थानबाट फिर्ता भएको छ । गत भदौ २३ र २४ को प्रदर्शनपछि उत्पन्न परिस्थितिमा उपत्यकाभित्र पाँच र उपत्यका बाहिर ५७ गरी कूल ६२ वटा कारागार तथा महत्त्वपूर्ण संरचनाको सुरक्षार्थ सेना खटिएको थियो ।



सुरक्षा चुनौतीलाई ध्यानमा राखी अझै पनि २१ स्थानमा फौज तैनाथ भइरहेको सेनाले जनाएको छ। प्रदर्शनबाट सिर्जित आगजनी, तोडफोड र दंगा जस्तो अप्ठ्यारो परिस्थितिमा छ देखि आठ घण्टाको तैनाथीमा उक्त अवस्था नियन्त्रणमा ल्याउन सफल भएको सेनाका उपरथी एवं युर्द्धकार्य महानिर्देशक अनुपजंग थापाले जानकारी दिए । उनले भने, 'अत्यन्त चुनौतीपूर्ण अवस्थामा शून्य मानवीय क्षतिका साथ शतप्रतिशत उद्धार गर्न सफल भएका छौं । जसका कारण अत्यावश्यक सेवा तथा वस्तुको प्रवाहमा तत्कालै सहयोग पुगेको छ ।'

सिंहदरबारको मुख्य भवनमा आगजनी भए पनि सेनाको पहलबाट त्यहाँभित्रका रणनीतिक महत्त्वका कागजातको राष्ट्रिय सुरक्षा परिषद्, रक्षा मन्त्रालय र अर्थ मन्त्रालयको 'डाटा सेन्टर' आगजनीबाट जोगाउन सफल भएको उपरथी थापाले जानकारी दिए । मुलुकको समग्र सुरक्षा अवस्थाको जिम्मेवारी सम्हालेपछि सेनाले सञ्चालनमा ल्याएको 'हटलाइन'मा प्राप्त चोरी, लुटपाट र आगजनीजस्ता गुनासाको तत्काल सम्बोधन गरी सुरक्षाको प्रत्याभूति दिइएको सेनाले जनाएको छ ।

'त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल आक्रमण गर्ने उद्देश्यका साथ भेला भएका करिब दुई हजार जना प्रदर्शनकारीलाई रोकी भदौ २५ गतेदेखि नै विमानस्थल पूर्ण रूपमा सञ्चालन गरिएको थियो', महानिर्देशक थापाले भने, 'विमानस्थलमा फसेका विदेशी पर्यटकको समेत यथोचित सुरक्षा गरिएको थियो । साथै उपत्यकामा रहेका विभिन्न कूटनीतिक नियोग तथा विदेशी नागरिकको सुरक्षा व्यवस्थाको प्रबन्ध मिलाइएको थियो ।' यसअघि पहिलो चरणमा सिंहदबारभित्र प्रवेश गरेका प्रदर्शनकारीलाई सेनाले रोक्न सफल भए पनि ठूलो संख्यामा थपिएको भीडलाई रोक्न घातक हतियारको प्रयोग गर्नुपर्ने अवस्था भएकाले त्यसबाट हुनसक्ने मानवीय क्षति रोक्न विशेष सचेतता अपनाइएको सेनाको प्रष्टीकरण छ ।

**सैनिक कल्याणकारी कोषबाट १० लाख हिताधिकारी लाभान्वित**

नेपाली सेनाले विश्व शान्ति स्थापनार्थ खटिएबापत प्राप्त रकमबाट कट्टा गरी स्थापना गरिएको सैनिक कल्याणकारी कोषबाट १० लाखभन्दा बढी हिताधिकारी लाभाविन्त भएको नेपाली सेनाले जनाएको छ ।

सेनाले २०३२ मा सैनिक कल्याणकारी कोषको स्थापना गरी संगठनमा कार्यरत सकलदर्जा तथा अवकाश प्राप्त सैनिक र सम्पूर्ण आश्रित परिवारलाई विभिन्न सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको छ ।

गत असार मसान्तसम्ममा कोषको नगद मौज्दात ७९ अर्ब तीन करोड २५ लाख र लगानी रु सात अर्ब ७१ करोड ५३ लाख गरी कूल सम्पत्ति ८६ अर्ब ७४ करोड ७८ लाख रुपैयाँ रहेको सेनाले जनाएको छ ।

सेनाले कोषबाट आफ्ना हिताधिकारिलाई शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतमा आधारित रही विभिन्न सेवा तथा सुविधा उपलब्ध गराउँदै आइएको युद्धकार्य निर्देशक मनोज थापाले जानकारी दिए। कल्याणकारी सुविधामध्ये शिक्षातर्फ हाल १२ वटा महाविद्यालय/विद्यालय, चिकित्सा, पोलिटेक्निक र कृषि गरी पाँच वटा प्राविधिक शिक्षालय र २४० वटा विद्यालयमार्फत हिताधिकारीलाई सुविधा प्रदान गरिएको सेनाले जनाएको छ ।

स्वास्थ्य सेवातर्फ काठमाडौं उपत्यकामा वीरेन्द्र अस्पताल, उपत्यका बाहिर तीन वटा सैनिक अस्पताल र तीन वटा फिल्ड अस्पतालहरु सञ्चालनमा छन् । जटिल प्रकृतिको रोग लागेका ५ सय ३० जना हिताधिकारी स्वास्थ्य सुविधाबाट लाभान्वित भसकेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा चार लाख ७६ हजार ३ सय ४८ जनालाई ७६ करोड ४५ लाख ४० हजार ८ सय ७ बराबरको औषधि तथा औषधिजन्य सामग्री वितरण गरिएको सेनाले जनाएको छ । हालसम्म एक हजार ५ सय ८४ जनालाई ४० करोड ७५ लाख २० हजार स्वास्थ्य बिमाबापतको सहुलियत रकम प्रदान गरिएको छ ।

सेनाले सकल दर्जालाई आवास कर्जा, महत्वपूर्ण घडेरी कर्जा, परिवार आवास, सुपथ मूल्य क्यान्टिन, लघुवित्त कर्जा र सवारी कर्जा उपलब्ध गराउँदै आएको छ। हाल १० वटा मिसनमा ५ सय ३८ महिला सैनिकसहित कूल पाँच हजार ८ सय २० जना शान्ति सैनिक तैनाथ रहेका निर्देशक थापाले जानकारी दिए ।

विश्व शान्ति स्थापनार्थ खटिइएका ७४ सैनिकहरुले जीवनोत्सर्ग गरेका छन्। हाल नेपाली सेना शान्ति स्थापना कार्यका लागि फौज खटाउने राष्ट्रहरुको सूचीमा पहिलो स्थानमा रहेको छ भने महिला सैनिकको सहभागितामा अग्रस्थानमा रहेको छ ।

## एनआरएनए जेद्दाले देउसी–भैलो कार्यक्रम आयोजना गर्ने




**अन्जान गुभाजु/मध्यान्ह**
जेद्दा, १ कात्तिक

गैरआवासीय नेपाली संघ( एनआरएनए), क्षेत्रीय समन्वय समिति, जेद्दा, साउदी अरबले नेपालीहरूको महान् पर्व दशैं तथा शुभ दीपावलीको अवसरमा शुभकामना आदानप्रदान तथा देउसी-भैलो कार्यक्रम - २०२५' आयोजना गर्ने भएको छ ।

संघका अनुसार उक्त कार्यक्रम आगामी अक्टोबर २४, २०२५, शुक्रबार तदनुसार २०८२ साल कात्तिक ७ गते हुनेछ । विदेशमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई शुभकामना आदानप्रदान गराउँदै चाडपर्वको अनुभव महसुस गराउने उद्देश्यका साथ यो कार्यक्रमको आयोजना गरिएको हो ।

साउदी अरबको जिद्दास्थित लक्की दरबार रेस्टुरेन्ट सरफियामा हुने उक्त कार्यक्रम दिनको १ बजेदेखि सुरु हुनेछ। संघले साउदी अरबमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुलाई कार्यक्रममा उपस्थित भईदिन हार्दिक निमन्त्रणा गरेको छ ।

विगतका वर्षहरूमा पनि यस्ता कार्यक्रमहरू आयोजना गर्दै आएको गैरआवासीय नेपाली संघ, क्षेत्रीय समन्वय समिति, जेद्दाले यस वर्ष पनि नेपाली परम्परा र संस्कृतिलाई जोगाउने प्रयास गरेको जनाएको छ ।

कार्यक्रममा उपस्थितहरूलाई भरपुर देउसी भैलो संस्कृतिक कार्यक्रमले मनोरञ्जन दिनेछ भने नेपाली परिकार सेल रोटी तथा खानाको पनि व्यवस्था रहेको आयोजक संघले जनाएको छ ।

# कर्मचारी परिवारको कृषि क्रान्ति
# तरकारी खेतीबाट मनग्य आम्दानी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ कात्तिक

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-६ नरपानीका दिपक पाण्डे, उनकी श्रीमती मानकुमारी पाण्डे र छोरा राजकुमार पाण्डे पेसाले निजामती कर्मचारी हुन् । तर उनीहरू जागिरे मात्र होइन, सफल कृषकका रूपमा पनि परिचित भएका छन् । उनीहरूले सिजनअनुसार विभिन्न खालका मौसमी र बेमौसमी तरकारी उत्पादन गर्नुका साथै टिमुर, चिउरी, तेजपत्ता, प्याज लगायतका बिरुवाको व्यावसायिक उत्पादन गर्दै आएका छन् । यसैमार्फत पाण्डे परिवारले वार्षिक छ लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

विगत १० वर्षदेखि व्यावसायिक रूपमा बिरुवा उत्पादन गर्दै आएका उनीहरूको परिवार अहिले सन्धिखर्कमा राम्रो आम्दानी गर्ने किसानका रूपमा चिनिन्छ। सन्धिखर्क नगरपालिका-२ चुत्राबेँसी, पुलचोक, सालझन्डी-सन्धिखर्क-ढोरपाटन सडक छेउमा रहेको घरनजिकै उनीहरूले प्लास्टिक टनेल निर्माण गरी करिब दुई रोपनी जग्गामा टिमुर, चिउरी, प्याज र मौसमी तरकारी खेती गरेका छन् । दिपक पाण्डेले बिहान अफिस जानुअघि र बेलुका फर्केपछि बिरुवा र तरकारीको हेरचाह गर्ने गरेको बताए ।

राजकुमार पाण्डेले बिरुवा उत्पादन गर्न धेरै समय नलाग्ने भएकाले बिहान-बेलुका नियमित रूपमा काम गर्ने गरेको बताए । 'कम लगानीमा राम्रो आम्दानी हुने भएकाले बिहान र बेलुका यसै पेसामा रमाउँछौं,'उनकी आमा मानकुमारी पाण्डेले भनिन्। उनका अनुसार स्थानीय तथा बाहिरका व्यापारीले सिजनअनुसार बिरुवा खरिद गर्न आउने गर्छन्। यहाँबाट होलसेलमा बिरुवा वितरण गरिन्छ।

दिपक पाण्डेले टिमुर, चिउरी, प्याज, काउली, बन्दा, ब्रोकाउली, गोलभेँडा लगायतका बिरुवाको बिक्री हुने जानकारी दिए। उनका अनुसार प्याज मुट्ठीको ५० रुपैयाँ, काउलीको एउटा बिरुवा ५ रुपैयाँ, हाइब्रिड बन्दाको ५ रुपैयाँमा एकवटा, स्थानीय बन्दाको ५ रुपैयाँमा दुईवटा, ब्रोकाउलीको १० रुपैयाँमा एकवटा र टिमुर, तेजपत्ता, ढुपी सल्लो, फूलका बिरुवा ५० रुपैयाँमा बिक्री हुने गर्छ ।

'हामी बिहान ६ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेदेखि ७ बजेसम्म नर्सरीमा काम गर्छौं । घरका तीनजना सरकारी कर्मचारी भए पनि बिहान-बेलुका सबैले खेतीमा सघाउँछौं,' पाण्डेले भने ।

सामान्य १२ हात जग्गाबाट सुरु भएको उनीहरूको व्यवसाय अहिले सन्धिखर्कमा झन्डै एक रोपनी क्षेत्रमा फैलिएको छ । सुरुमा आफ्नै प्रयोगका लागि केही बिरुवा मात्र उत्पादन गर्ने परिवार अहिले व्यावसायिक रूपमा नर्सरी सञ्चालन गर्दै आएको छ। यस वर्ष पनि बिरुवा र तरकारी बिक्रीबाट पाँचदेखि छ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।

यहाँ उत्पादित बिरुवा अर्घाखाँचीकै बजारमा बढी खपत हुने गर्छ । ग्राहकहरू गाडी लिएर सीधै नर्सरीमा बिरुवा खरिद गर्न पुग्ने गरेका छन् ।

'हामीले तयारी बिरुवा र तरकारी राख्ने गर्छौं। ग्राहक फर्ममै आउँछन् र खरिद गरेर लैजान्छन्,'दिपकले खुशी हुँदै भने, 'पहिले असम्भव लागेका काम पनि अब सम्भव भएका छन् ।'

सन्धिखर्क नगरपालिका-६ नरपानीमा दिपकले सुपा देउराली एग्रो फरेष्ट्री फर्म सञ्चालन गरेका छन् । उनले तरकारी खेतीको तुलनामा बिरुवा उत्पादनले छोटो समयमा बढी आम्दानी दिने भएकाले यसतर्फ बढी जोड दिएको बताए । पछिल्लो समय घरायसी प्रयोजनका लागि गाउँ-गाउँमा काउली, बन्दा, ब्रोकाउली, प्याज, गोलभेँडा, टिमुर लगायतका बिरुवा लगाउने चलन बढेकाले बजारको माग पनि स्थिर रहेको उनले बताए ।

कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धिराज घिमिरेका अनुसार छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले पछिल्लो समय बिरुवा उत्पादनमा किसानको आकर्षण बढेको छ । उनले ठूलो परिमाणमा उत्पादन गर्ने किसानलाई प्राविधिक सहयोग गरिने बताए ।

दिपक, मानकुमारी र राजकुमार डिभिजन वन कार्यालय अर्घाखाँचीका स्थायी कर्मचारी हुन् । उनीहरूको मेहनत र लगन देखेर अर्घाखाँचीबासी लोभिने गर्छन् । दिपक हाल सब-डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख तथा नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीका अध्यक्ष समेत हुन्। अफिसको जिम्मेवारी पूरा गर्दै बिहान-बेलुका खेतबारीमा पसिना बगाउने पाण्डे परिवार साँच्चिकै कर्मचारीको कृषि क्रान्तिको उत्कृष्ट उदाहरण बनेको छ ।

**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लिचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**आ.व. २०८२/८३ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०७/०२ गते**

गण्डकी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उदेश्यले "स्थानीय सरकार संचालन ऐन,२०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६)र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८२/८३ का लागि यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन शुल्क गण्डकी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी गाउँपालिकाको आर्थिक ऐन २०८१ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ l सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी २०८२/०७/१७ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही E-Bidding/ppmo मार्फत बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ l

**नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण**

| ठेक्का नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण | उत्खनन परिमाण (घ.मि.) | न्युनतम रकम (मु.अ.कर. बाहेक) | बोलपत्र जमानत रकम(धरौटी रकम) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| GRM/ GOODS/ 04/2082/83 | बुढीगण्डकी नदीका (वहाव क्षेत्र) विभिन्न घाटहरु (घौसुर खोला घाट, छोटेटार घाट, कौदी घाट,चालिसे घाट, कालिकाटार घाट, खानीखोला ) | ४६८५२.६ | १,१५,८३,८३६.८२/- | कबोल अंकको ५.०० % ले हुन आउने रकम कृषि बिकास बैंक ०३२५८०१४९१८३५०४३ | रु ३००० कृषि बिकास बैंक ०३२५८०१४९१८३५१४० |

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.gandakimun.gov.np मा समेत हेर्न सकिनेछ । )

**Chief Administrative Officer**

**District Hospital Udayapur**
**Gaighat**
**Koshi Province, Nepal**

**INVITATION FOR BID**

**Date of Publication: - 2082-07-02 (2025-10-19)**

1. ***District Hospital Udayapur, Gaighat invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.***

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | UH/NCB/ GOODS-02-082/83 | Supply and delivery of Medicine Items at District Hospital Udayapur. | 1,49,76,704.87 | 3,000.00 | 3,80,000.00 | 90 days/ 120 days |
| 2 | UH/NCB/ GOODS-03-082/83 | Supply and delivery of Surgical Items at District Hospital Udayapur. | 1,45,70,466.23 | 3,000.00 | 3,70,000.00 | 90 days/ 120 days |

2. ***Information to deposit the cost of bidding document and bid bond in bank:***

| | | | |
|---|---|---|---|
| **For Bid Document Fee** | | | |
| *Office Name* | *District Hospital Udayapur* | *Lase date of Submission* | **2082-08-02 (18th Nov. 2025) Time: -12:00 Hrs.** |
| *Name of Bank* | *Rastriya Banijya Bank, Gaighat* | *Date of Bid Opening* | **2082-08-02 (18th Nov. 2025) Time: -13:00 Hrs.** |
| *Aantarik Rajaswa Khata No.* | *3700211021* | *Pre-bid Meeting* | **2082-07-23 (09th Nov. 2025) Time: -11:00 Hrs.** |
| *Rajaswa Shirshak No.* | *14229* | | |
| **For Bid Security** | | | |
| *Office Name* | *Pradesh Lekha Ikai Udayapur* | | |
| *Name of Bank* | *Rastriya Banijya Bank, Gaighat* | | |
| *Dharauti Khata No.* | *2090100202030000* | | |

**MEDICAL SUPERINTENDENT**

# समुद्रपारि दाजुभाइ आँगनभरि ढकमक्क मखमली




मधु शाही/रासस
काठमाडौं, १ कात्तिक


आँगनभरि ढकमक्क मखमली। टपक्क टिपेर माला उनेर दाजुको गलामा पहिराउने चाहना। तर, जुन फूल जसको गलामा हुनुपर्ने हो, ऊ समुद्रपारि छ। बौद्ध जोरपाटीकी सुमना बेल्वासेलाई जब तिहार आउँछ, समुद्रपारि पुगेका दाजुको सम्झना आँखाभरि छल्किन थाल्छ। उनी भन्छिन्, 'दाइ हुँदा हुन त यी सबै मखमली टिपेर गलाभारी पहिरीदिन्थे।'

'सम्बन्ध जति टाढा उति गाढा', भनेजस्तै बेल्वासेले दाजु विदेशिएपछि तिहारको महत्त्व झनै मनन गरेकी छिन्। कोरियामा चार वर्षदेखि रोजगारी गर्न पुगेका दाजुले नै घर खर्च धानेका छन्। आर्थिक स्रोतको मुख्य भूमिका निर्वाह गरेका दाइको दायित्वप्रति उनी सधैँ हार्दिक भाव राख्छिन्। यद्यपि पर्वको बेला भने परिवारको सदस्य नहुँदा मन अमिलो हुने गरेको उनले सुनाइन्। विगतमा देउसी र भैलो खेलेर रमाइलो गरे क्षण सँगालेकी बेल्वासेले भनिन्, 'दाइ अर्को वर्ष त आउँछ रे।'

विदेशिएका भाइको सम्झनामा तीन वर्षदेखि एक्लै तिहार मनाएकी ललितपुर डल्लुकी प्रिन्सा बस्नेतले भिडियो कलबाटै तिहार मनाउछिन्। डिजिटल माध्यम नभएको भए त झनै गाह्रो हुन्थ्यो। भिडियोमा मज्जाले गफिएर पर्वको अभाव गर्ने अवसरलाई उनले सकारात्मक लिएकी छिन्। तर, उनलाई विदेशिएको भाइ आँखै अगाडि देख्न पाए रमाइलो गर्ने थियौँ भन्ने लाग्छ।

हुनत बेल्वासेका आफन्ती दाजुभाइहरू छन्। जो साथमा छैन उसैको चासो बढी हुने रहेछ। उनी विदेशिएका दाइको निधारमा टीका लगाएर बहिनी र दाजुबीचको आत्मीयता साट्ने क्षणको प्रतीक्षामा छिन्। विगत तीन वर्षदेखि भिडियो कलमा तिहारको बेला मौखिक शुभकामना दिएर तिहार मनाउने गरेको उनले बताइन्।

उनीजस्तै, परदेशी भाइलाई सधैँ तिहारमा सम्झिन बाध्य हुनुहुन्छ, भक्तपुरकी रोमा भट्टराई। भट्टराईका दुई दाजुभाइ छन्। कान्छो भाइ रोजगारीको सिलसिलामा कतार छन्। घरमै भएका दाजुको निधारमा सप्तरङ्गी टीका लगाउँदा भाइको समेत ख्याल नआउने कुरै भएन। उनी प्रत्येक तिहारमा भाइलाई भिडियो कल गर्दै दाजुलाई तिहारमा टीका लगाएको दृश्य देखाउछिन्। 'यस्तो बेला हाँसो र आँशु दुवै छल्किन्छ', उनले भनिन्, 'विदेशिएको भाइ र यही भएको दाजु एकैसाथ भएर तिहार मनाउने कहिले होला ?, त्यही समयको प्रतीक्षामा छु।'

कोटेश्वर बस्ने गंगा कोइरालाले भने दुई वर्षअघि विदेशिएका दुई दाजुको महिमा टाढिएपछि झनै गाढा भएको बताउँछिन्। रोजगारीका सिलसिलामा दुवै दाजु कतारमा छन्। उनीहरूले हरेक तिहारमा बहिनीको सम्झनामा तिहार दक्षिणा अथवा केही न केही उपहार पठाएकै हुन्छन्। कोइरालाले खाडीमुलुक पुगेका दुई दाजुप्रति माया भाव दर्शाउँदै भनिन्,'उहाँहरू यहाँ भइदिएको भए देउसीभैलो खेल्न पाउने थियौँ भन्ने लाग्छ।'

वैदेशिक रोजगारको सामाजिक संरचना र मनोविज्ञानलाई समेत प्रभाव पारेको समाजशाास्त्रीहरू बताउँछन्। समाजशास्त्री डा.मीना पौडेलका अनुसार वैदेशिक रोजगारले जसरी समाजमा आर्थिक क्षेत्रमा रेमिट्यान्स भित्र्याएर योगदान दिएको छ। जस्तै, वैदेशिक रोजगारीमा जाने संस्कृतिले सामाजिक सद्भाव र पर्वको महत्त्वमा थप उचाइ थपेको छ। विदेशमा भएका र स्वदेशमा भएका दुवैले आत्मीय सम्बन्ध बोध गराउने समाजशास्त्री पौडेलको धारणा छ।

उनी भन्छिन्,'वैदेशिक रोजगारले सामाजिक मूल्यमान्यता र संस्कृति जर्गेनाको भूमिका पनि खेलेको छ।' यसलाई उनले सामाजिक पुँजी भनेर सम्बोधन गर्न उपयुक्त हुने बताउँछिन्। आर्थिक रेमिट्यान्स भित्राएझैँ, वैदेशिक रोजगारले सामाजिक मूल्य र मान्यताको पुँजीमा पनि इँटा थप्ने काम गरेको छ भन्ने उनको बुझाइ छ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१-८२ मा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या आठ लाख ३३ हजार पुगेको छ। गत वर्षको तुलनामा यस वर्ष एक लाखले बढेको छ। आव २०८०/८१ को तथ्यांक हेर्ने हो भने, सात लाख ३९ हजार ४९ पुरुष र ९३ हजार महिला वैदेशिक रोजगारमा गएको सरकारी तथ्यांक छ।

# चौरजहारीमा आपतकालीन उद्धार तथा विपद् प्रतिकार अभ्यास



**रुकुम पश्चिम/मस**–मानव विकास तथा सामुदायिक सेवाअन्तर्गत सञ्चालित चौरजहारी अस्पताल र मेहर परियोजनाको आयोजनामा रुकुम पश्चिममा गाडी दुर्घटनासम्बन्धी आपतकालीन उद्धार तथा विपद् प्रतिकार अभ्यास सम्पन्न गरिएको छ। अभ्यासअन्तर्गत गाडी दुर्घटना भएको परिकल्पना गरी घटनास्थलबाट घाइतेहरूलाई उद्धार गरी चौरजहारी अस्पतालमा उपचारका लागि लगिएको थियो।

परियोजना संयोजक कुमेर परियारका अनुसार उक्त ड्रिलको उद्देश्य सडक दुर्घटनाका घटनामा तत्काल उद्धार र उपचार प्रक्रियालाई सशक्त बनाउनु हो।

अभ्यासमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयंसेवक तथा समुदायका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रमका क्रममा दुर्घटनास्थलमा घाइतेहरूको पहिचान, प्राथमिक उपचार, रक्तस्राव नियन्त्रण, स्ट्रेचरमार्फत अस्पताल पुऱ्याउने, र अस्पतालभित्र उपचार प्रक्रिया प्रदर्शन गरिएको थियो।

उक्त कार्यक्रममा प्राविधिक संयोजक तारा हाङ तावाका अनुसार यस अभ्यासले सडक दुर्घटनाका बेला हुने आकस्मिक अवस्थाको सामना गर्न आवश्यक समन्वय, उद्धार सीप र प्रतिकार क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ।

कार्यक्रमले भविष्यमा हुने वास्तविक दुर्घटना वा विपद्का घटनामा तुरुन्त, प्रभावकारी र समन्वित प्रतिक्रिया दिन सक्षम बनाउने विश्वास व्यक्त गरिएको छ। त्यस्तै, शनिबार चौरजहारीमा आगलागीसम्वन्धी कृत्रिम घटना अभ्यास गरिएको छ। मानव विकास तथा सामुदायिक सेवाअन्तर्गत मेहर परियोजनाको आयोजनामा आगलागीमा परि घाइते बिरामीहरूको उपचारसम्बन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम गरिएको हो। कार्यक्रममा चौरजहारी अस्पतालका मेडिकल डाइरेक्टर डाक्टर निमरोद लिम्बूको नेतृत्वमा स्वास्थ्यकर्मीहरुको टिम बिरामीहरूको उपचारमा खटेका थिए।


**साउदीमा रोजगार**
कम्पनी: INTERNATIONAL CONSTRUCTION & MANUFACTURING SERVICES शहर: JUBAIL
पूर्व स्वीकृत मितिः २०८२/०३/१६ चलानी नं.: ६०२४०४१८ L.T. No.:326474 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 6 | 0 | स. काममा दक्ष | 1800 | ६७,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक ९ गते (26 October 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Professional Manpower Services Pvt. Ltd.** श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np


# Bhume Rural Municipality
## Office of the Rural Municipal Executive
**Khabang Bagar, Rukum (East)**
**Lumbini Province, Nepal**

## INVITATION FOR BIDS

**Date of publication: 19-10- 2025 (2082/07/02)**

1. ***Bhume Rural Municipality*** invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

| S. N. | Contract ID. | Description and location of work | Estimated Amounts (Including VAT, PS etc.) | Bid Security Amounts | Price of Bid Documents | remarks |
|---|---|---|---|---|---|---|
| 1 | BRM-RUKUM(EAST)/W/NCB/01/2082-083 | Construction Of Kankri Health Post Building, Bhume 02, Rukum East | 1,96,81,147.12 | 5,00,000 | 3,000 | |
| 2 | BRM-RUKUM(EAST)/W/NCB/02/2082-083 | Construction Of Mahat And Kanda School Building, Bhume 04 And 06, Rukum East | 1,90,47,787.50 | 5,00,000 | 3,000 | |
| 3 | BRM-RUKUM(EAST)/W/NCB/03/2082-083 | Construction Of Gabang, Dharmashala & Serabang School Building, Bhume 02, 05 And 07, Rukum East | 1,61,08,347.58 | 4,00,000 | 3,000 | |
| 4 | BRM-RUKUM(EAST)/W/NCB/04/2082-083 | Construction Of Namuna And Pedi Dharmashala School Building, Bhume 09, Rukum East | 1,11,23,889.16 | 2,75,000 | 3,000 | |
| 5 | EGP/BRMO/SQ/G-03/2082-83 | The procurement of Supply and Delivery of Veterinary | | 15,100.00 | 1,000 | 1st Date of publication: 21-09-2025 (2082/06/05) Re-bid) |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Citizens Bank International Ltd., Bhume Branch
   Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum East
   Rajaswa Account no. : 0780100000001202 ( Ga 1.1 Bhume Ga.Pa. Aantarik Rajaswa Khata )
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before **12:00 on 18/11/2025**. Bids received after this deadline will be rejected. (Except re-bid)
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 18/11/2025** at the office of ***Bhume Rural Municipality Khabangbagar, Rukum (Eastern part)***. (Except re-bid)
6. Bids must be valid for a period of ***90 days*** and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank : Citizens Bank International Ltd., Bhume Branch
   Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum East
   Deposit Account no. : 0780100000030201 ( Ga 3 Bhume Ga.Pa. Dharauti Khata ) . (Except re-bid)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**

# Thalara Rural Municipality
## Office of Rural Municipal Executive
**Kholi, Bajhang**
**Sudurpashchim Province, Nepal**

## Invitation for Sealed Quotation for the Procurement Goods

**Second Date of Publication: 2082/07/02 (October 19, 2025)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under Sealed Quotation (SQ) procedures for the procurement of goods mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount With VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| SQ/TRM/GOODS/04/2082-83(Re) | Procurement of Machinery Items, Electronics Items and Equipment and supply to the office of Thalara Rural Municipality, Bajhang. | 19,39,364.00/- | 45,000/- | 1,000/- | 75 days |

Purschase, Submission and Opening:

| Contract Date | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| | Time | Date | Time | |
| Email: thalaramun@gmail.com<br>Contact No.: 9843229890/ 9858420550 | 2082/07/17 (November 3, 2025) | 12:00 Noon | 2082/07/17 (November 3, 2025) | 14:00 Noon |

| Bank Name & Address | Office Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account No. | Account Name | Account No. |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 1840102612300016 |

Tender document shall follow Public Procurement Act, 2063 (Latest Amendment), Public Procurement Regulation of Thalara Rural Municipality, 2076.

- Eligible bidders may refer complete set of Bid Document for further information at Office of Thalara Rural Municipality, Bajhang or PPMO's website www.bolpatra.gov.np/egp and bidders shall have the option of submitting their bids electronically only.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# नगर विकास कोषको रकम प्रतिफल दिने क्षेत्रमा लगानी गरौं : मन्त्री घिसिङ

**काठमाडौं/मस**-सहरी विकासमन्त्री कुलमान घिसिङले क्षेत्राधिकार विस्तार गरी नगर विकास कोषलाई प्रभावकारी बनाइने बताएका छन् ।



कोषका कामकारबाहीबारे जानकारी लिँदै शनिबार उनले प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी विस्तार गरी कोषलाई प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक रहेको बताए । मन्त्री घिसिङले विद्युतीय सवारीसाधन, चार्जिङ स्टेसनजस्ता 'इ–मोबिलिटी'का क्षेत्रमा लगानी गर्न सम्बद्ध पक्षलाई सुझाव दिए ।

'ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र नगरपालिकासँगको साझेदारीमा लगानी परिचालन गरिने यस कोषबाट फोहर व्यवस्थापन र ऊर्जा उत्पादन जस्ता परियोजनामा लगानी गर्न सकिन्छ । त्यसको सम्भाव्यता अध्ययन गरौँ । अब लगानी गर्नुपर्ने तथा लगानी गर्ने क्षेत्राधिकारलाई अझ विस्तार गर्नको लागि आवश्यक कानूनी प्रबन्ध गर्न सरकार तयार छ',उनले भने ।

हाल हरित जलवायु कोषबाट मान्यता प्राप्त हुने क्रममा रहेको र मान्यता प्राप्त भएपछि कोषलाई हरित ऊर्जासम्बन्धी परियोजनामा लगानीको लागि ठूलो आर्थिक अनुदान सहयोग उपलब्ध हुने मन्त्री घिसिङको विश्वास थियो ।

कोषका कार्यकारी निर्देशक विनोदप्रकाश पण्डितले कोषको वित्तीय स्रोतका रूपमा  सात अर्ब स्वःपुँजी (इक्विटी) रहेको, एसियाली विकास बैंकमार्फत पाँच अर्ब १९ करोड, विश्व बैंकबाट १२ करोड र नेपाल सरकारबाट दुई अर्ब ऋणको रूपमा प्राप्त भएको जानकारी दिए। कोषले १६ अर्ब रुपैयाँ ऋण प्रवाह गरेको उनले बताए ।

कोषले सहरी पूर्वाधार आयोजनामा वित्तीय (ऋण/अनुदान) र प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । कोषबाट नगर क्षेत्रमा बसपार्क, खानेपानी, जग्गा विकास, बहुउद्देश्यीय भवन निर्माणलगायत क्षेत्रमा लगानी भइरहेको छ ।

हालैको 'जेनजी' आन्दोलनका कारण क्षति भएका नगरका भवनको पुनर्निर्माणमा कोषलाई परिचालन गर्न सकिनेबारे पनि त्यस अवसरमा छलफल भएको मन्त्री घिसिङको सचिवालयले जनाएको छ ।

# कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक कात्तिक १३ गतेसम्म स्थगित

**ललितपुर/मस**-नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक कात्तिक १३ गतेसम्म स्थगित भएको छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, कांग्रेसका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री, नेपाल विद्यार्थी संघका संस्थापक केन्द्रीय सदस्य एवं कांग्रेस बाराका पूर्वसभापति ऋषिकेश गौतमको ८४ वर्षको उमेरमा भएको निधनका कारण कात्तिक १३ गतेसम्म बैठक स्थगित गरिएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी गराए ।

'शनिबार बसेको केन्द्रीय समिति बैठकद्वारा पार्टीका पूर्वकेन्द्रीय सदस्य एवं पूर्वमन्त्री गौतमको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित भएको छ । कांग्रेस बाराका पूर्वसभापति ८४ वर्षीय गौतमको गत असोज ३१ गते राति ९:१५ बजे काठमाडौंको पेप्सीकोलास्थित निजी निवासमा भएको निधनप्रति कार्यसमितिको बैठकले गहिरो दुःख व्यक्त गरेको छ',



मुख्यसचिव पौडेलले भने ।

स्वर्गीय गौतम २०३६ देखि २०४८ सम्म बारा जिल्लाको सभापति, २०४८ र २०५६ मा बाराको निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित र कांग्रेस संसदीय दलको पूर्वसचिव थिए । नेपालमा लोकतन्त्र स्थापना र पुनःस्थापनाका आन्दोलनहरू र संघर्षका क्रममा उनले पटक-पटक जेलजीवन व्यतित गरेका थिए ।

स्व.गौतमले पार्टीको विभिन्न पदीय जिम्मेवारीमा रहेर कांग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गरेका मुख्यसचिव पौडेलले जानकारी गराए । उनको निधनबाट पार्टीले एक अग्रज र अनुभवी नेतृत्वलाई गुमाएको भन्दै कांग्रेसले दुःखको यस घडीमा शोकसन्तप्त परिवारजन र आफन्तजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।

स्व.गौतमप्रति उच्च सम्मान प्रकट गर्दै पार्टीले यही कात्तिक १, २ र ३ गते (तीन दिनसम्म) पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालहरूमा झण्डा आधा झुकाउने, कात्तिक २ गते केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयहरूमा शोक पुस्तिका राख्ने र स्वर्गारोहणको १३औं दिनमा सम्बन्धित जिल्लामा शोकसभाको आयोजना गर्ने निर्णय गरेको छ ।

# पशुपति क्षेत्रको नामकरणमा 'विकास'को ठाउँमा संरक्षण र सम्वर्द्धन राख्न माग

**काठमाडौं/मस**-पशुपति क्षेत्र विकास कोषको नामाकरणमा 'विकास' लेखिएको स्थानमा संरक्षण र संवर्द्धन शब्द राखेमात्र यसको सोचअनुसार काम हुनसक्नेमा यस क्षेत्रका विज्ञहरूले जोड दिएका छन्। धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) ले २०४४ मा कोष गठन हुँदा पहिलो कार्यकारी प्रमुख भई काम गर्नुभएका देवीप्रसाद चापागाईंसँग शनिबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा कोषको नाममा 'विकास' शब्द राखिएकाले पुरातात्विक महत्वका संरचना पनि जथाभावी रूपमा भत्काएर बनाउनतर्फ मात्र ध्यान गएको बताए ।




मूल मन्दिरअघिको पश्चिम भागमा रहेको धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वको आँगमघर पनि अन्यत्र सारेर विकास गरेजस्तो मात्र देखाइएको उनले धारणा राखे । उनले भने, 'उक्त नाममा संरक्षण र संवर्द्धन राखिएको भए धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका यस्ता संरचना जोगाउनतिर ध्यान जाने थियो, विकास नाम राखिएकाले भत्काएर बनाउनतिर मात्र ध्यान गएजस्तो छ, म कार्यकारी प्रमुख हुँदा यस्ता काम भएको थिएन', पूर्वकार्यकारी प्रमुख चापागाईंले भने । त्यसबेला सञ्चालक परिषद् र कार्यकारी समिति बेग्लाबेग्लै बनाएर व्यवस्थित गरिएकामा यो संरचना २०४९ सालपछि बिगारिएको उनले जानकारी गराए । परिषद्ले नीति निर्माण र कार्यकारी समितिले नीतिनियम कार्यान्वयन गर्दथ्यो ।

२०४९ पछि भने सञ्चालक परिषद्ले नीतिनियम पारित गर्ने र कार्यान्वयन पनि गर्नेगरी व्यवस्था गर्दा केही समस्या आएको आफूले अनुभव गरेको उनले बताए ।

हजारौँ वर्षदेखिको इतिहास भएको द्वादश ज्योतिर्लिङ्गको पनि शिर पशुपतिनाथको विश्वभरका हिन्दूमाझ प्रचारप्रसार गर्न सके नेपालमा धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने भएकाले पशुपति क्षेत्रलाई व्यवस्थित गरिनुपर्ने पूर्वकार्यकारी प्रमुख चापागाईंको भनाइ थियो ।

समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले द्वादश ज्योतिर्लिङ्गको दर्शन गरिसकेपछि पशुपतिनाथको दर्शन नगरे मनोकामना सिद्ध हुँदैन भन्ने धार्मिक आस्थाका आधारमा विश्वभरका वैदिक सनातन धर्मावलम्बीले जीवनमा एकपटक पशुपतिनाथ आउन चाहने बताए ।

# कञ्चनपुर–कमला सडक : दुईपटक म्याद थपिँदा पनि प्रगति ६७ प्रतिशत

**सिरहा/मस**-कञ्चनपुर-कमला सडक विस्तार तथा स्तरोन्नतिको काम म्याद सकिन करिब दुई महिना बाँकी छ । हालसम्मको निर्माण प्रगति भने ६७ प्रतिशत मात्रै छ ।

सडकखण्डको स्तरोन्नति तथा चार लेनमा विस्तार गर्ने उद्देश्यले सुरु गरिएको यस आयोजनाको ठेक्का २०२० मा चाइना रेलवे कम्पनी-२ इञ्जिनियरिङ ग्रुपले पाएको थियो ।

१५ अर्ब ६६ करोडको लागतमा सुरु गरिएको आयोजना २८ अक्टोबर २०२३ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएका लक्ष्यअनुसार काम सम्पन्न नभएपछि दुईपटक म्याद थपिएको छ । पहिलोपटक १४ महिनाको र दोस्रोपटक १२ महिनाको म्याद दिइएको हो । हालको सम्झौताअनुसार कम्पनीले अब ३१ डिसेम्बर २०२५ भित्र काम सम्पन्न गर्नुपर्नेछ ।

सडक निर्माण कार्यलाई पूर्व र पश्चिम गरी दुई खण्डमा बाँडेर काम भइरहेको छ । पूर्वीखण्ड कञ्चनपुरदेखि कुशहा (३९ दशमलव ४२ किमी) र पश्चिमीखण्ड कुशहादेखि कमला नदीसम्म (४७ दशमलव ४१ किमी) रहेको छ । विशेष गरी पश्चिम खण्डअन्तर्गत लहान क्षेत्रको काम भने निकै सुस्त रूपमा भइरहेको छ ।

योजना पश्चिमखण्डका सूचना अधिकारी इञ्जिनियर सरोजकुमार कोइरालाका अनुसार केही मुख्य संरचनाको निर्माण नहुँदा अन्य काम अघि बढाउन नसकिएको हो । 'अण्डरपास, ओभरपास र आकाशेपुलको पाइल फाउण्डेशन जस्ता संरचना नबन्नु नै मुख्य अवरोध हो' उनले भने, 'यी काम नगरी अन्य संरचनाको निर्माण गर्न सकिँदैन । यही बाध्यताले काम ढिलो भएको हो ।'

निर्माणस्थलमा पर्ने विद्युत् प्राधिकरणका पोल समयमै नहटाइँदा सडक निर्माणमा थप ढिलाइ भएको कोइरालाले बताए । पटक-पटक अनुरोध गर्दा लहान क्षेत्रको उत्तरतर्फका पोल अझै नहटाइएको उनको पनि गुनासो छ ।

निर्माणमा ढिलाइ हुँदा वर्षौंदेखि धुलो र हिलोको सास्ती भोग्नु परिरहेको छ । लहानको मुख्य चोक आसपास क्षेत्र अस्तव्यस्त बनेको छ भने व्यापारसमेत प्रभावित भएको छ । सहिद स्मारक भत्काएर बनाइएको डाइभर्सनमार्फत एकतर्फी सवारीसाधन चलाइए पनि धुलो, हिलो र दुर्घटनाको जोखिम उच्च रहेको छ । सोही कारण स्थानीयले असारमा चक्काजामसमेत गरेका थिए ।

मिर्चैयाको अण्डरपास र लहानको ओभरपासको पाइल फाउण्डेशन निर्माणपछि केही समय रोकिएको काम असोज २३ गतेदेखि पुनःसुरु भएको छ । कम्पनीले लागत बढेको भन्दै आर्थिक नोक्सानी बेहोरेको बताउँदै आएको छ । भदौ २४ गतेका लागि तय भएको निर्माणसम्बन्धी छलफल स्थानीयस्तरमा भएको आन्दोलनका कारण स्थगित भएपछि कम्पनीका पदाधिकारीहरू चीन फर्किएका छन् । सडक विभागले हाल पुनः छलफलका लागि समन्वय गरिरहेको जनाइएको छ ।

मिर्चैयास्थित पश्चिमखण्ड कार्यालयले सार्वजनिक गरेको पछिल्लो त्रैमासिक प्रतिवेदनअनुसार असार मसान्तसम्म ३९ दशमलव ४२ किलोमिटरमध्ये ३० दशमलव ८५ किलोमिटर मात्रै सडक कालोपत्र भएको छ ।


## Swamikartik Khaper Rural Muncipality
## Office of the Rural Municipal Executive

**Suijiula Wai Bajura,**
**Sudurpaschim province, Nepal**

**Invitation for Online Bids**

**Invitation for Bids No: 01/2082/083**
**Contract No.: SKKRM/NCB/WORK/01/2082/083**
**Date of publication: 2082/07/02 (19-Oct-2025)**

1. Swamikartik Khapar Rural Municipality] has allocated funds] towards the cost of Construction of Administrative office Building at Swamikartik Khapar Rural Municipality Suijiula wai, Bajura and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible as per Section V of bidding document.
2. Swamikartik Khapar Rural Municipality Office of The Rural Municipal Executive invites electronic bids from eligible bidders for the Construction of Administrative office Building at Swamikartik Khapar Rural Municipality Suijiula Wai, Bajura under National Competitive Bidding (NCB) Single Stage Two Envelope Bidding procedures (1S2E).
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 8,56,21,000.00
   - Minimum Work experience of similar size and nature at least one (1) RCC Frame Structure Building Construction Work of Value NRs. 5,13,73,000.00
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Swamikartik Khapar Rural Municipality Office of the Rural Municipal Executive Suijiula wai, Bajura or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be downloaded from the PPMO e-GP System www.bolpatra.gov.np/egp. Bidder Should deposit the cost of bidding Document Fee of NRS 10000.00 (Ten Thousand Rupees Only) in Swamikartik Antarik Rajaswa (Revenue) Account as specified below and the Scanned copy (Pdf Format) of the bank Deposit Voucher Shall be Uploaded by the bidder at time of electronic submission.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : Himalayan Bank ltd. Swamikartik Branch, Bajura
   Name of Office : Swamikartik Khapar Rural Municipality Suijiula Wai, Bajura
   Office Code no. : 801076908
   Account no. : 07108996600010
   Revenue code Number. : 14229
5. Pre-bid meeting shall be held at Office of Swamikartik Khapar Rural Municipality Suijiula wai, Bajura at 13:00:00 on 2082/07/21 (7-Nov-2025)
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp. on before 12:00:00 on 2082/08/02 (18-Nov-2025)
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00:00 on 2082/08/02 (18- Nov-2025) at the office of Swamikartik Khapar Rural Municipality Office of The Rural Municipal Executive Suijiula Wai, Bajura Bids must be valid for a period of 90 days after bid Opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of NRs. 23,12,000.00 which shall be valid for 30 days beyond the validity period of the bid i.e.120 day, Bid security in the form of cash should be deposited (Dharauti) Account as 0710899600026 at Himalayan Bank Ltd. Branch Office Swamikartik Suijiula wai, Bajura
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

## Talkot Rural Municipality
## Office of the Rural Municipal Executive

**Talkot, Bajhang**
**Sudurpashchim Provience, Nepal**

**Invitation for  online Electronic Bids**

**Date of Publication: - 2025-oct-19**
**Opening date :- 2025-Nov-2**

Talkot Rural Municipality  office of the municipal Executive, invites online bid under E-procurement system from eligible bidder for the procurement Supply of surgical,Medicine delivery goods .The  Bidder can visit  the PPMO  Website WWW. **Bolpatra .gov.np/egp** for the detail information with public Entity.

Public entity Name Talkot Rural municipality. Contact Num : 9858420845,9849460075

| S. N. | Contract ID No | Project Name | Estimated Amount, NRs (Excluding VAT) | Bid Security NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-BJH-SQ-01-082/083 | Supply and delivery surgical, Medicine items. | 15,00,000 | 38,000 | 1,000 |
| | **Bank Name** | **Account Name** | **Account Number** | **Office code** | **Remarks** |
| 1 | Everest bank talkot branch | Antarik Rajashow khata Number | 07900106200004 | 801077007 | |
| 2 | Everest bank talkot branch | Dharauti khhata Number(For Bid Security) | 07900106200003 | 801077007 | |

**Chief Excutative officer**

# च्याब्रुङको गीतको कथाले बन्यो 'जारी २'

**काठमाडौं/मस-** कवि तथा कथाकार उपेन्द्र सुब्बाले नेपाली चलचित्रमा 'कबड्डी' शृंखलामार्फत कथा तथा पटकथा लेखनमा प्रवेश गरे। निर्देशक रामबाबु गुरुङले निर्देशन गरेको अधिकांश चलचित्रमा उनले लेखनमा सहकार्य गरे । साथै छायांकनमा समेत सहभागी भए ।

कथामा लेखिएका शब्दलाई दृश्यमा उतार्ने अभ्यासलाई उनले नजिकबाट नियाल्ने अवसर प्राप्त गरे। फलतः निर्देशक सुब्बाले लिम्बू समुदायको कथामा चलचित्र निर्माण गर्ने निर्णय गर्दै निर्देशन गर्ने हिम्मत पनि गरे । त्यसैको परिणामतः उनको पहिलो निर्देशकीय चलचित्र 'जारी' व्यावसायिक रूपमा सफल भयो ।



'मलाई जारीको कथा पर्दामा उतार्न मन थियो। किनकि म त्यसलाई मायाको भावमा व्यक्त गर्न चाहन्थे। सोही कारण म निर्देशक बनें,' निर्देशक सुब्बाले भने ।

